आज मिति २०७८ साल असार ७ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२: आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: आर्थिक वर्ष २०७८/०७९ को आर्थिक विधेयक सम्बन्धमा ।
प्रस्ताव नं.४: आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयक सम्बन्धमा ।
प्रस्ताव नं.५: विभिन्न विधेयक प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.६: कार्यविधि पारित सम्बन्धमा ।
प्रस्ताव नं.७: आ.व.२०७७।०७८ को जेठ मसान्तसम्मको आम्दानी खर्च अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.८: नगरपालिकाको क्षमता विकास योजना निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.९: आवधिक योजनाको अन्तिम प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.१०: साविक स्थानीय निकायमा कार्यरत कर्मचारीको बिमा रकम सम्बन्धमा ।
प्रस्ताव नं.११: प्राकृतिक स्रोत साधन ठेक्काको न्यूनत्तम दररेट सम्बन्धमा ।
प्रस्ताव नं.१२: यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गर्न सम्बन्धमा ।
प्रस्ताव नं.१३: विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियान सम्बन्धमा ।
प्रस्ताव नं.१५: जिल्ला विपद् कोषमा राहतको लागत सहभागिता वापतको रकम जम्मा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१७: पत्रकारहरुको मेडिकल बिमा गरिदिने सम्बन्धमा ।
प्रस्ताव नं.१८: विभिन्न अन्तरार्ष्टिय संस्थाहरुको सदस्यता लिने सम्बन्धमा ।
प्रस्ताव नं.१९: ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.२०: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२१: प्रदेश विशेष अनुदान अन्तर्गतका योजनाको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२२: संघ समपुरक अनुदान अन्तर्गतको योजनाको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२३: विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: जग्गाको क्षेत्रगत वर्गीकरण सम्बन्धमा ।
प्रस्ताव नं.२५: शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व.२०७८/०७९ को लागि प्रस्तावित तपसिलमा उल्लेखित नीति तथा कार्यक्रम यही २०७८/३/१० गते प्रारम्भ हुने ३५ औं नगर सभामा उपप्रमुख श्री मिरा जोशीद्वारा पेश गर्ने निर्णय गरियो ।

१. २०४८ साल चैत्र ३० गते स्थापना भएको तनहुँ जिल्ला कै पहिलो यस नगरपालिकामा हामीहरु आज पैत्तीसौ नगर सभामा छौ । स्थानीय तहको पुनर्संरचना पछिको यो नवौं नगर सभामा आर्थिक वर्ष २०७८।०७९ का लागि नगरपालिकाले अवलम्ब गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा गौरवको महशुस गर्दछौं ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । शहिद वेपत्ता तथा घाइते परिवारप्रति उच्च सम्मान प्रकट गर्दै व्यास नगरपालिकाको स्थापना र विकास अभियानमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रज नेतृत्व तथा पूर्व जनप्रतिनिधिज्यूहरुको अमूल्य योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछौ । साथै हामीहरुसँगै निर्वाचित हुनु भएका नगर सदस्य श्री हेमराज पोखेलज्यूको यस अवधिमा दुखद मृत्यु भएको र व्यास नगरपालिकाका पूर्व जनप्रतिनिधिहरुको दुःखद देहावसान भएकोमा हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै उहाँहरुको योगदानको स्मरण गर्न चाहन्छौ ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको (कोरोना भाइरस) कोभिड-१९ को पहिलो र दोस्रो लहरको संक्रमणबाट मानव जाति एवं मानव सभ्यता माथि नै अकल्पनीय संकट आइपरेको विदितै छ । यस महामारी विरुद्ध व्यास नगरपालिका आफ्नो सम्पूर्ण क्षमता, श्रोत र साधनका साथ जुटिरहेको यस कठिन घडीमा कोभिड १९ कै कारण दिवंगत हुनु भएका सम्पूर्ण नगरबासीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उपचाररत सम्पूर्ण संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । नगर सभाको यो बैठकबाट प्रस्तुत नीति तथा कार्यक्रमले मुख्यतया कोभिड १९ बाट नगरवासीको जीवन रक्षा गर्ने र महामारीबाट सिथिल भएको नगरपालिकाको अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्य लिइएको छ । संकटको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपङ्तीमा रही अहोरात्र खटिनु हुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स लगायतका चालकहरुले पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्दछौ । जोखिमपूर्ण यस घडीमा आ-आफ्नो तहबाट खटिनु हुने जनप्रतिनिधि, राजनतिक दल, सञ्चारकर्मी, उद्योगी व्यवसायी, निजी क्षेत्र, नागरिक समाज लगायत व्यक्ति, संघ संस्थालाई धन्यवाद ज्ञापन गर्दछौ । व्यास नगरपालिकाले स्थापना गरेको कोभिड-१९ नियन्त्रण तथा उपचार कोषमा स्वैच्छिक रुपमा योगदान गर्नुहुने वित्तीय संस्था, व्यक्ति तथा संघ संस्था एवं स्वास्थ्य सामग्री तथा जिन्सी सामान सहयोग गर्नुहुने सबै महानुभाव प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ । महामारीबाट सुरक्षित राख्न लागु गरिएको लकडाउनको पालना गर्नुहुने सम्पूर्ण नगरवासी प्रति धन्यवाद ज्ञापन गर्दछौ । आगामी दिनमा पनि व्यास नगरपालिकाले महामारी विरुद्ध चाल्ने सुरक्षाका उपायहरुमा नगरवासीको साथ र सहयोग रहिरहने विश्वास व्यक्त गर्दछौ ।

४. आर्थिक वर्ष २०७७।०७८ मा कोभिडको महामारीका अतिरिक्त, बाढी तथा पहिरोको विपत्तिका कारण जनधनको अकल्पनीय क्षति भएको हामीलाई विदितै छ । पहिरोका कारणले वडा नं.१, ९ र ११ मा दिवंगत हुनु भएका नगरवासीहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै यस विपत्तिमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

५. आर्थिक वर्ष २०७८।०७९ का लागि व्यास नगरपालिकाले यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक, नगरपालिकाको एकीकृत विकास योजना र आवधिक योजनाले प्रत्याभूत गरेका स्थानीय नीतिहरु र संयुक्त राष्ट्र संघबाट उद्घोष भएका दिगो विकासका लक्ष्यहरु (SDG) मा रहेका सिमा भित्र रही "विविधतायुक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर" (Rural Urban Diversity, My Prosperous Vyas Municipality) भन्ने मुल नारालाई सार्थकता दिने गरी तयार गरिएको छ ।

६. संघीय गणतन्त्र स्थापना पश्चात् सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको ४ वर्षको अवधि बितिसकेको छ । यस ४ वर्षको अवधिमा गत २०७७ चैत्र ३० गते यस नगरपालिकाको ३० औं स्थापना दिवसमा विगतका सम्पूर्ण गतिविधिहरु प्रकाशन गरिएको स्मरण गर्दछौ । प्रारम्भमा ५९ वर्ग कि.मी. रहेको यस नगरपालिका २०७१ सालपछि ८६.५७ वर्ग कि.मी. र स्थानीय तहको पुनर्संरचना पछि करिब ३ गुणा बढ्न गई २४८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । आर्थिक, भौगोलिक, सामाजिक, साँस्कृतिक दृष्टिकोणले विविधता युक्त नगरपालिकाको रुपमा परिचित यस नगरपालिकाले आफ्ना श्रोत र सिमाहरुमा रही कृषि, पर्यटन, स्वास्थय, शिक्षा, लगायत पूर्वाधार निर्माणका कार्यहरु गरिंदै आएको नगरवासीले समीक्षा गर्नु नै हुनेछ ।

७. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको विधायिकी अधिकार समेत प्रयोग गरी हालसम्म १९ वटा ऐन, ९ वटा नियमावली, ४० वटा कार्यविधि, ६ वटा निर्देशिका ३ वटा दिग्दर्शन एवं मापदण्डहरु गरी जम्मा ७७ वटा ऐन, नियम तयार गरिएको छ भने ४ वटा निर्माण गरिएको नियमावली, कार्यविधि र निर्देशिका खारेज भएका छन् । नगरपालिकाले संविधान, प्रचलित संघ, प्रदेश अन्तर्गतका कानुन र आफूले पारित गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका भित्र रही

कार्य सम्पादन गर्दै आएको छ । स्थानीय तहलाई प्राप्त विधायीकी, कार्यपालिका र न्यायिक अधिकारहरुको प्रयोग गर्दै सबै कार्यहरुलाई कानुन सम्मत बनाउने भरमग्दुर कोशिष गरिएको छ ।

८. व्यास नगरपालिका अन्तर्गत मूल कार्यालय नयाँ बहुउद्देश्यीय भवनमा सञ्चालन भएको र पुराना संरचना हटाई अर्को एक ४ तले बहुउद्देश्यीय भवन निर्माण गर्न नगर विकास कोषसँग सम्झौता अन्तिम चरणमा पुगेको, वडा नं.५ र ९ को वडा कार्यालय यसै वर्ष आफ्नै भवनमा स्थानान्तरण भई सेवा सञ्चालन गरेको, वडा नं.१ को वडा भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको, वडा नं.६, ८, १२, १३ र १४ का पुराना भवनहरुलाई हटाई पुनः निर्माण गर्नुपर्ने आवश्यकता रहेका छन् ।

९. व्यास नगरपालिकाबाट विगत ४ वर्षमा १६.८० कि.मी. कालोपत्रे, ४८.६८ कि.मी. ग्राभेल, ९८.४९ कि.मी. कच्ची सडक र ३६.९० कि.मी. पक्की नाला निर्माण, खानेपानी योजना, मादीनदी एकीकृत विकास परियोजना, व्यास जन्मभूमिको विकास परियोजना, मानहुँकोट, गलेखाम कोट, पुलिमऱ्याङ शहीद पार्क, क्यामिन कालिका, कर्लुङ कालिका, पराशर आश्रम, दमौली सेन्ट्रल पार्क, खेलकुद मैदानहरु निर्माण, सामुदायिक भवनहरु निर्माण, दमौली बजारका मुल चोकहरु सुधार, गौ संरक्षण केन्द्र सञ्चालन, फोहोर मैला व्यवस्थापन, युवा, बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गता क्षेत्रमा सहयोग, कोभिड १९ पि.सि.आर. परीक्षण प्रयोगशाला निर्माण, वधस्थल निर्माण, कुहिने फोहोर र गौ संरक्षणको मलबाट बायोग्याँस उत्पादन लगायतका निर्माण एवं गुरुयोजना तयार गर्ने कार्य अघि बढाइएको छ ।

१०. आ.व.२०७७।०७८ मा ७६ वटा योजनाहरु टेण्डर प्रकृयाबाट कार्य अघि बढाइएको, उपभोक्ताहरुबाट १२३९ योजनाहरु सम्पन्न एवं सञ्चालन भइरहेका छन् । संघीय सरकारसँगको समपुरक योजनामा तनहुँशुर जाने ५.८ कि.मी. खड्गकाली मार्ग कालोपत्रे गर्ने कार्य भइरहेको, संघीय सरकारको विशेष अनुदान अन्तर्गत व्यास १० को देवीडाँडा खानेपानी योजना र व्यास १३ को कमेरे साँध खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेका, व्यास ३ मा निर्माणाधीन व्यासको १०८ फिट अग्लो मूर्ति निर्माण गर्ने कार्य संघीय सरकारको समपुरक अनुदान सहयोग समेतमा सञ्चालनमा रहेको, प्रदेश सरकारका विशेष अनुदान अन्तर्गत नरङ्गा सिंचाई योजना र शित भण्डार निर्माण योजनाको निर्माण कार्य अघि बढेको, विश्वबैंकको सहयोगमा करिब ७५ करोडको दमौली-केशवटार-कुलुङ-छाब्दी-कर्लुङ-छिर्कने मार्ग, पराशर मार्ग र माहेन्द्री मार्ग ५ वर्ष भित्र निर्माण सम्पन्न हुने गरी सम्झौता सम्पन्न भएकोले उल्लेखित सम्पूर्ण कार्यहरु यस नगरपालिकाको महत्वपूर्ण उपलब्धिका रुपमा रहेका छन् । कोरोना भाइरसको महामारी भई निषेधाज्ञाका कारण करिब २२० योजनाहरुलाई क्रमागत योजनाका रुपमा आगामी आर्थिक वर्ष कार्तिक मसान्त भित्र सम्पन्न हुने गरी निरन्तरता दिइने छ ।

११. खेलकूदका माध्यमद्वारा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ माघ १६ गते शहीद दिवसका दिन मानुङ-पुलिमऱ्याङ चौथो खुल्ला अल्ट्रा म्याराथन प्रतियोगिता र नारी दिवसका दिन व्यास गुफा-तनहुँशुर प्रथम महिला हाफ म्याराथन प्रतियोगिता सम्पन्न भएको छ भने अन्य खेलकुद क्षेत्रको विकासका लागि अन्तर माध्यमिक रनिङ शिल्ड प्रतियोगिता, मेयर कप, उपमेयर कप छात्रछात्रा अन्तर मा.वि. भलिवल, मेयर कप व्याडमिन्टन प्रतियोगिता जस्ता प्रतियोगिताहरु सम्पन्न गरिएका छन् ।

१२. व्यास नगरपालिकाले शहरी विकासको सम्भावना रहेका क्षेत्रहरुमा जग्गा विकास आयोजना सञ्चालन गर्न व्यास ११ को रानीगाउँ, व्यास १० को बैरेनी, व्यास ६ को शिशाघाट क्षेत्रलाई प्राथमिकतामा राखेर नगर विकास कोषको सहयोगमा एकीकृत जग्गा विकास परियोजना सञ्चालन प्रक्रिया अगाडि बढाइएको छ । यस कार्यमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालबाट प्राप्त प्राविधिक सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । यसै सिलसिलामा व्यास जन्मभूमिको गुरु योजना निर्माण गर्न र मानहुँकोटको गुरु योजना निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने शहरी विकास योजना विज्ञ

इन्जिनियर रश्मी दाहालको कोभिड १९ का कारण यसैवर्ष दुःखद मृत्यु भएको स्मरण गर्दै उहाँका प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौं ।

१३. व्यास नगरपालिकाको न्यायिक समिति अन्तर्गतको न्यायिक दायित्वहरुलाई परिस्कृत र मेल मिलाप कार्यलाई अझ विश्वसनीय बनाउन वडाहरुमा मेल मिलाप केन्द्र स्थापना गरिएका छन् ।

१४. व्यास नगरपालिकाले गतवर्षसम्म फोहोर विसर्जन गर्ने गरिएको व्यास ३ को भतेरी स्थित सार्वजनिक जग्गामा विगत असार श्रावणमा आएको बाढीले उक्त क्षेत्रको कटान गरी क्षति पुऱ्याएकोले पुन प्रयोगमा आउने फोहोर व्यास १ मोहोरियाटार स्थित भेतरीमा र कुहिने फोहोर व्यास १० दुम्सी स्थित भतेरीमा विसर्जन गर्ने अस्थायी व्यवस्थापन गरिएको छ भने फोहोर मैला विसर्जनको स्थायी समस्या समाधानका लागि व्यास ४ र १० स्थित रानीपानी सामुदायिक वन क्षेत्रको वातावरणीय अध्ययन पुरा गरिएको, सामुदायिक वन भित्रको स्थान हुँदा नेपाल सरकारको स्वीकृति प्रकृयालाई अघि बढाइएको छ ।

१५. सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरी सम्बन्ध विकास गर्न विभिन्न गतिविधिहरु सञ्चालन भइरहेका छन् ।

१६. व्यास नगरपालिकाले GPM र UCLG ASPAC जस्ता अन्तरार्ष्ट्रिय संघ संस्थाहरुसँगको सदस्यतालाई निरन्तरता दिंदै यस वर्ष International Council for Local Environmental Initiatives (ICLEI) र League of Historical Cities संस्थासँग आवद्धता अघि बढाई व्यास नगरपालिकालाई अन्तरार्ष्ट्रिय क्षेत्रमा परिचित गराउने अभियानलाई निरन्तरता दिइएको छ ।

व्यास नगरपालिकाले विगत वर्षहरुमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको जगमा रही आगामी आर्थिक वर्ष २०७८।०७९ को व्यास नरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छौ ।

**स्वास्थ्य क्षेत्र**

१७. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट जिल्लावासी, नगरवासीको जीवन रक्षाका लागि व्यास नगरपालिका प्रतिवद्ध रही संघीय सरकार, प्रदेश सरकार, तनहुँका सबै पालिकाहरु र नागरिक समाजको सहभागितामा नगरपालिका वडा नं.१० को दुम्सी बजारको आधारभूत स्वास्थ्य चौकीमा कोभिड १९ को पि.सि.आर. परीक्षण प्रयोगशाला निर्माण गरी सञ्चालन गरिने छ ।

१८. कोरोना महामारीबाट नगरवासीको जीवन रक्षा गर्नका लागि व्यास नगरपालिका प्रतिवद्ध रही नगरपालिकामा रहेका सम्वद्ध निकाय, वडा समिति, स्वास्थ्य संस्थाहरु लगायतका शाखा, उपशाखाहरुसँग आवश्यक समन्वय गरी कोरोना भाइरसका रोकथाम, नियन्त्रण र उपचार कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ । हाल कृषि विकास बैंकको भवनमा अस्थायी सामुदायिक आइसोलेसन केन्द्र स्थापना गरिएकोमा आगामी वर्ष २५ वेडको कोभिड उपचार समेतलाई ध्यानमा राखी व्यास १० दुम्सी बजारमा रहेको आधारभूत स्वास्थ्य केन्द्र अन्तर्गत नगरपालिका मातहतमा हुने गरी अस्पताल सञ्चालन गरिने छ ।

१९. कोरोना भाइरसका कारणले मृत्यु हुने परिवार, अभिभावक गुमाएका बालबालिका र न्यून आय भएका र स्थायी रोजगार नभएका विपन्न एवं मजदुर परिवारलाई विशेष सहयोगको व्यवस्था मिलाइने छ ।

२०. विद्यमान कोभिड १९ को महामारीबाट प्राप्त तितो अनुभव र यसले सिकाएको पाठलाई ध्यानमा राखी दमौलीमा रहेको जिल्ला अस्पताललाई विस्तार गर्नुपर्ने आवश्यकतालाई महशुस गरी उक्त स्थानमा जग्गा अभावले थप विस्तार हुन नसक्ने देखिंदा उक्त जिल्ला अस्पताललाई न्यूनतम १०० वेडमा विस्तार गरी डाइलासिस, सुत्केरी सेवा, आइसियू, भेन्टिलेटर समेतको विशेषज्ञ सेवा र सुविधा उपलब्ध हुने गरी व्यास नगरपालिका वडा नं.११ पोल्याङ बाघेचौरको करिब १०० रोपनी जग्गामा स्थानान्तरण

गर्ने गरी गुरु योजना तयार गरिने छ भने हाल सञ्चालित दमौली अस्पताललाई व्यास नगरपालिका अन्तर्गत ल्याउन सम्बन्धित निकायमा पहल गरिने छ ।

२१. कोराना भाइरस विरुद्धको अभियानमा अग्रपङ्तीमा रहेर कार्य गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, सञ्चारकर्मी, सम्बन्धित वाहन सञ्चालन गर्ने चालकहरुको सुरक्षाका लागि नेपाल सरकारको नीति अनुरुप जीवन बिमा र जोखिम भत्ता उपलब्ध गराइने छ । साथै आवश्यक स्वास्थ्य उपकरण, सुरक्षा, परीक्षण सामग्री खरिद गर्ने व्यवस्था मिलाइने छ ।

२२. कोरोना भाइरसको विद्यमान संकटको घडीमा सावधानी र सचेतनापूर्वक नगरपालिका भित्र विकास निर्माणका कार्यहरु सुचारु गरिने छ । औषधी उपचारसँग सम्बन्धित व्यवसाय, आधारभूत खाद्य पदार्थ, उद्योग व्यवसाय, कृषि उत्पादनका कार्यलाई सुरक्षित तवरले सामाजिक दुरी कायम गर्दै सुचारु गरिने छ भने आवश्यक मल, बिउबिजन, कृषि औजारको सहज आपूर्ति गर्न सहजीकरण गरिने छ ।

२३. व्यास नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको सेवालाई स्तरीकरण गर्दै हरेक वडामा स्वास्थ्य स्वयंसेविकाहरुको सहयोगमा सरुवा रोग लगायतका संक्रमणबाट नगरवासीलाई सुरक्षित राख्न आवश्यक व्यवस्था मिलाइने छ । सम्पूर्ण वडामा रहेका स्वास्थ्य संस्था र स्वास्थ्य स्वयंसेवी मार्फत विद्यालय र उच्च शिक्षा अध्यापन गराइने क्षेत्रमा समेत स्वास्थ्य सेवा विस्तार गरिने छ । आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा सामग्री आपूर्तिको व्यवस्था मिलाइने छ ।

२४. जटिल रोग लागेका विपन्न परिवारका नगरवासीलाई दिंइदै आएको सहयोगलाई निरन्तरता दिइनुका साथै विपन्न परिवारका सुत्केरी महिला र निरन्तर डाइलासिस गर्नुपर्ने विपन्न परिवारका व्यक्तिलाई यातायात खर्च उपलब्ध गराइने छ ।

२५. व्यास नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तार गरिने छ र भौतिक सुधारमा निरन्तरता दिइने छ ।

२६. व्यास नगरपालिकाबाट सञ्चालित सामुदायिक आइसोलेसन केन्द्र सञ्चालनार्थ भवन उपलब्ध गराउने कृषि विकास बैंक र क्वारेन्टिन व्यवस्थापन गर्न भवन उपलब्ध गराउने क्षेत्री समाज तनहुँ जिल्ला कार्य समितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

२७. व्यास नगरपालिका भित्र कोरोनाबाट मृत्यु भएकाहरुको सामुहिक स्मारक पार्क निर्माण गरिने र कोरोनाबाट अभिभावक गुमाएका बालबालिकाहरुको शिक्षामा विशेष सहयोग र त्यस्ता घर परिवारका यूवाहरुका लागि स्वरोजगार सृजना हुने गरी अनुदानको व्यवस्था मिलाइने छ ।

**कृषि क्षेत्र**

२८. कोरोना भाइरसको संक्रमणले संसार भरकै अर्थतन्त्रमा व्यापक समस्या सृजना भइरहेको विद्यमान अवस्थामा यस नगरपालिका पनि यसको प्रभावबाट अछुतो रहन सक्ने अवस्था छैन । व्यास नगरपालिका भित्र बसोबास भई विदेशिएका उत्साही जनशक्तिहरु आफ्ना घर फर्कने अवस्था सृजना भएको छ । तत्काल उद्योग धन्दा चल्न नसक्ने साथै पर्यटन क्षेत्रको समेत प्रवर्द्धन हुन नसक्ने विद्यमान अवस्थामा व्यास नगरपालिकाले निर्माण गरेको एकीकृत शहरी विकास योजनाले यस नगरपालिकाको विकासको लागि अग्रणी क्षेत्रको रुपमा प्राथमिकतामा राखेको कृषि क्षेत्रको विकासमा व्यास नगरपालिका प्रतिवद्ध रही व्यवसायिक कृषि प्रणालीको विकास गर्दै तत्काल रोजगारी सृजना गर्ने र खाद्यान्न, दुध, मासु माछाको आपूर्तिको क्षेत्रमा यस नगरपालिकालाई एउटा आत्म निर्भर नगरपालिकाको रुपमा विकास गर्न विशेष कार्यक्रम ल्याइने छ ।

२९. व्यास नगरपालिका क्षेत्रभित्र रहेका निजी तथा सार्वजनिक अवस्थाका खाली जमिनको उत्पादनशील उर्जालाई खेर जान नदिन र कृषि योग्य भूमिको पूर्ण उपयोग गरी कृषि उत्पादनलाई बढवा गर्दै

लैजाने नीति कार्यान्वयनमा ल्याइने छ । जैविक खेती प्रणालीमा जोड दिई तत्काल आवश्यक पर्ने रासायनिक मल तथा उन्नत बिउको आपूर्ति एवं वितरण र सिंचाई क्षेत्रको विकासका साथै विस्तार गरिने छ ।

३०. आगामी वर्ष व्यास नगरपालिकाले कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रीकीकरण र विशिष्टीकरण गर्दै स्थानीय स्तरको उत्पादन बृद्धिमा जोड दिइने छ । प्रदेश सरकारसँगको सहकार्यमा शित भण्डार निर्माण गरी कृषि उत्पादन, फलफूल, तरकारीलाई सुरक्षित राखी नगरपालिकाको आपूर्ति व्यवस्थालाई सहजीकरण गरिने छ ।

३१. व्यास नगरपालिकाले कृषि तथा कृषिजन्य उद्यम व्यवसायलाई रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गर्नेछ । कृषि उत्पादनलाई सङ्कलन गर्न हरेक वडामा न्यूनत्तम एक कृषि उपज सङ्कलन केन्द्र र बजारीकरणका लागि कृषि उपज ढुवानी गर्न कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइनुका साथै कृषि सम्बन्धी विशेषज्ञ परामर्शका लागि निजी क्षेत्र र सहकारी क्षेत्रसँग सहकार्य गरी दक्ष जनशक्तिको व्यवस्थापन मिलाइने छ ।

३२. व्यास नगरपालिका दमौलीमा परम्परागत रुपमा सञ्चालन हुने गरेका बुधवारे हाट बजार र माघे सक्रान्तिमा लाग्ने मेलालाई समय सापेक्ष रुपमा परिस्कृत गरी सञ्चालनमा ल्याइने छ ।

३३. स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न, फलफूल, तरकारी वालीहरु, पशुपंक्षी पालन तथा मत्स्य पालनको पञ्जीकरण, अनुसन्धान, प्रवर्द्धन र बजारीकरणमा सहयोग पुऱ्याइने छ । त्यसका लागि आवश्यक सडक, विद्युत, सिंचाई, शित भण्डार, सङ्कलन एवं बिक्री केन्द्र जस्ता आधारभूत पूर्वाधारको विकास गरिने छ ।

३४. कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन विशेष धान उत्पादनको पकेट क्षेत्र एकीन गरी जग्गा सम्याउने कार्यलाई उत्प्रेरित एवं व्यवस्थित गरिने छ भने कृषि उत्पादनका लागि ट्याक्टर खरिद गरी वितरण गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखी अगाडि बढाइने छ ।

३५. कृषि व्यवसायमा आवद्ध व्यवसायिक कृषकहरुलाई बिउ बिजन उपलब्ध गराउने र पशुपंक्षी पालन व्यवसायमा रहेका कृषकहरुलाई उपलब्ध गराउँदै आएको अनुदान जस्ता जनमुखी कार्यक्रमहरुलाई यस वर्ष पनि निरन्तरता दिने नीति अवलम्बन गरिएको छ भने साना किसानहरुको सामुहिक खेती गर्ने अभ्यासलाई अनुदान दिने व्यवस्था मिलाइने छ ।

३६. व्यास नगरपालिकाको भू-धरातल, जलवायू र जैविक विविधताको अधिकत्तम उपयोग हुने गरी भू-उपयोग नीति एवं कार्यक्रम ल्याइने छ । सार्वजनिक वन क्षेत्र, सडक किनारा, नदी उकास र उपभोगहिन सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । निजी बाँझो जग्गा, खेतवारी, कान्ला, आलीमा दलहन, तरकारी, फलफूल र अन्य विरुवा लगाउन साथै शहरी क्षेत्रमा करेशावारी, कौशी र गमला खेती प्रवर्द्धन गर्न प्रोत्साहन गरिने छ ।

३७. व्यवसायिक बाखा पालन, माछा पालन, स्थानीय जातको गाइभैंसी, बंगुर र कुखुरा तथा अन्य पशुपंक्षी पालन कार्यमा सहयोग पुऱ्याई पशुपंक्षी बजार प्रवर्द्धन गर्ने कार्य अघि बढाइने छ । साना किसानलाई नगदे वाली उत्पादनका लागि अनुदानको व्यवस्था मिलाइने छ ।

३८. नगरपालिमा सङ्कलन हुने कुहिने फोहोर मैला र व्यास १० स्थित दुम्सी बजार मादी नदी किनारमा रहेको गौ संरक्षण केन्द्रबाट उत्पादन हुने गोवर समेतको संमिश्रणबाट बायोग्याँस तथा प्राङ्गारिक मल उत्पादन गरी कृषकहरुलाई वितरण गर्ने व्यवस्था मिलाइने छ ।

३९. गाउँ वस्तीबाट विस्थापित भएका नगरवासीलाई गाउँमै फर्काउने गरी कृषि विकास कार्यक्रम ल्याइने छ ।

४०. व्यास नगरपालिका वडा नं.१० पोखेलफाँटमा रहेको गोवर्धन शर्मा कृषि अनुसन्धान केन्द्रलाई नमूना प्राङ्गारिक खेती प्रणालीको अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्न संघीय सरकार र गण्डकी प्रदेश सरकारका कृषि विज्ञहरुसँग समन्वय गरिने छ ।

४१. नगरपालिका भित्रका स्थानीय जातका फलफूल जस्तै बयर, ऐसेलु लगायतका फलफूलहरु, स्थानीय जातका मास, पिंडालु, तरुल आदिको संरक्षण गर्दै यसको उत्पादन एवं बजारीकरण गर्ने कार्यमा वडासँग समन्वय गरी कार्यक्रम अघि बढाइने छ ।

४२. सम्बन्धित वडाको सिफारिसमा विगतका वर्षहरुमा जग्गा बाँझो रहेका जग्गामा खेती गर्ने किसानलाई सम्पत्ति एवं भूमिकर मिनाहा गर्ने नीति लिइने छ ।

४३. व्यास नगरपालिका भित्र आलु, लसुन, प्याजको पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा लाग्ने किसानहरुलाई अनुदानको व्यवस्था मिलाइने छ ।

४४. व्यास नगरपालिकालाई तरकारी बालीमा आत्म निर्भर गराउने अभियान निर्माणका लागि सहयोग गर्ने कार्यक्रम ल्याइने छ ।

४५. हिंस्रक वन्यजन्तु, बाघ, भालु, बाँदर नियन्त्रणका लागि सम्बन्धित निकायसँग सहजीकरण गरी आवश्यक सुरक्षा र खेतीबाली संरक्षणको व्यवस्था मिलाइने छ ।

**पर्यटन क्षेत्र**

४६. यस नगरपालिकाले नगरको विकासमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरुको पहिचान गरी पर्यटन क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासका लागि कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । पर्यटकीय पूर्वाधारको विकास गर्दा पुरातात्विक महत्वका धार्मिक, साँस्कृतिक ऐतिहासिक मठमन्दिर, गुम्बा र गुफा लगायतका नगरवासीका मौलिक सँस्कृतिको संरक्षण र प्रवर्द्धन गरिने छ ।

४७. व्यास नगरपालिका भित्र रहेका व्यास जन्मभूमिमा महर्षि वेदव्यासको १०८ फिट अग्लो मूर्ति निर्माण, व्यास गुफा र पराशर ऋषिको तपोभूमि पराशर क्षेत्र जोड्ने पुलमा व्यास झुला निर्माण, ऐतिहासिक तनहुँशुर दरवार क्षेत्र, मानहुँकोट, गलेखाम कोट, कालिका शहीद जंगल पार्क, क्यामिन कालिका, कर्लुङकोट, ॐ सिद्धेश्वरी राजापानी महादेव, छाङ्गा बाराही, देवीडाँडा लगायतका टाकुराहरु एवं मन्दिरहरुको संरक्षण एवं सम्वर्द्धन गरिने छ र “टाकुरा पर्यटन सञ्जाल” को विकास गरिने छ ।

४८. व्यास नगरपालिका भएर बग्ने (करिब १८ कि.मी.) मादी नदीको बहुउद्देश्यीय विकासका लागि व्यास मादी नदी एकीकृत विकास परियोजना अन्तर्गत पर्यटन प्रवर्द्धन र कृषि क्षेत्रमा विशेष कार्यक्रम ल्याइने छ । यस अन्तर्गत मादी नदीमा ताल निर्माण गरी जल विहारको आनन्द प्रदान गर्ने र पोखराबाट स्थानान्तरण हुन लागेको प्याराग्लाइडिङलाई व्यास नगरपालिकामा भित्रयाई यस क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिने छ ।

४९. जीविकोपार्जन र रोजगारीको अवसर वृद्धि गर्न जल पर्यटन, कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, खेल पर्यटन, ग्रामिण पर्यटन, सँस्कृतिक एवं प्राकृतिक पर्यटन व्यवसायको विविधीकरण तथा विस्तारमा जोड दिइने छ ।

५०. व्यास नगरपालिका भित्रका होटलहरु र होमस्टेलाई स्वच्छ तथा सफा सुग्घर राख्दै पर्यटनमैत्री बनाउन सहयोग प्रदान गरिने छ र प्राङ्गारिक कृषि उत्पादन र साना तथा घरेलु उत्पादनसँग आवद्ध

गरी पर्यटन प्रवर्द्धन गरिने छ । दमौली आसपासमा तारे होटेल निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रम ल्याइने छ ।

५१. नगरपालिकाको सम्पूर्ण पर्यटकीय सम्पदा समेटिने भ्रमण पुस्तिका प्रकाशन गरी द ग्रेट हिमालय ट्रेलको सवट्रेलको रुपमा बुद्ध शान्ति पद मार्ग (मनाङको तिमाङ गाउँ-दमौली-लुम्बिनी) लाई नक्सांकन गरी व्यवस्थित गरिने छ ।

५२. पर्यटन प्रवर्द्धनका लागि विभिन्न महोत्सवहरु सञ्चालनमा सहयोग पुऱ्याइने छ । खुला मानहुँकोट-पुलिमराङ अल्ट्रा म्याराथन प्रतियोगिता र व्यास गुफा-तनहुँशुर महिला हाफ म्याराथन प्रतियोगिता जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । साथै दमौली-मानहुँ पद मार्ग, मूलपानी तनहुँशुर पदमार्गलाई स्तरीकरण गरिने छ ।

५३. होमस्टे तथा होटलहरु दर्ता गरी व्यवस्थित गर्ने र नियमन एवं अनुगमनको कार्यक्रम तय गरी लागु गरिने छ । नगरपालिका भित्र स्तरीय होटल सञ्चालन गर्न प्रोत्साहन दिइने कार्यक्रम ल्याइने छ ।

५४. व्यास १० दुम्सीचौरमा पर्यटकीय प्रवर्द्धनका लागि नारेश्वर ताल निर्माण सम्पन्न गरिने छ भने भानुघाँसी स्मारक पार्कलाई व्यवस्थित गर्ने कार्यमा सहयोग पुऱ्याइने छ ।

५५. दमौलीबाट मानहुँ यात्राका लागि केवलकार, मानहुँकोटमा तारे होटल निर्माण, शिशा पुल निर्माण, जिप लाइन लगायतका निर्माण कार्यका लागि निजी लगानीकर्ताहरुलाई आकर्षित गरी निजी क्षेत्रसँग साझेदारी गरिने छ ।

५६. व्यास नगर भित्रका सबै वडाहरुमा रहेका ऐतिहासिक र परम्परागत महत्वका स्मरणीय स्थानहरुको पहिचान गरी त्यसको प्रचार प्रसार र संरक्षण गरिने छ । साथै नगरपालिका भित्र पर्यटन प्रवर्द्धन गर्नका लागि पर्यटन प्रवर्द्धन सूचना केन्द्र स्थापना गरिने छ । जुन सूचना केन्द्रबाट नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न पथ प्रदर्शक व्यवस्था गरिने छ ।

**शिक्षा क्षेत्र**

५७. व्यास नगरपालिकालाई शैक्षिक हवका रुपमा विकास गर्नका लागि नगर शिक्षा योजना निर्माण गरी नगरपालिकामा रहेका क्याम्पस र विद्यालय स्तरका शिक्षालाई थप गुणस्तरीय र विश्वसनीय बनाइने छ ।

५८. व्यास नगरपालिका भित्र माध्यमिक तहसम्मको शिक्षा लिन कठिनाई परेका अनाथ, असहाय, विपन्न, शहीद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घर परिवारका बालबालिकाको शिक्षाका लागि व्यास ७ शेशमटारमा रहेको व्यास नगर क्यामिन कोट प्रा.वि.मा "व्यास नगर समता विद्यालय" नामक आवासीय विद्यालय स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

५९. नगरपालिकामा रहेको एक मात्र सामुदायिक क्याम्पस आदिकवि भानुभक्त क्याम्पसलाई मानक विश्व विद्यालय निर्माण गर्न पूर्वाधार व्यवस्थापनमा सहयोग गरिने छ ।

६०. व्यास नगरपालिका भित्रका प्रा.वि., आधारभूत र माध्यमिक विद्यालयहरुमा प्रविधिमैत्री शैक्षिक वातावरण निर्माण गरिने छ भने व्यास १३ र १४ का सामुदायिक विद्यालयहरुमा SOS बालग्रामसँग सहकार्य गरी विद्यालय सुधार योजना कार्यान्वयन गरिने छ ।

६१. नमूना विद्यालयको रुपमा छनौट भएका यस नगरपालिकाका निर्मल र सत्यवती माध्यमिक विद्यालयहरुको पूर्वाधार विकासका लागि सहजीकरण गरिने छ । विगत अवधिमा सामुदायिक विद्यालयहरुलाई पेश्की स्वरुप उपलब्ध गराइएको अनुदान रकमको अन्तिम कार्य सम्पन्न मूल्यांकनको आधारमा खर्चको औचित्य हेरी फछ्र्यौट प्रकृयामा सहजीकरण गरी शैक्षिक वेरुजु मुक्त गर्न आवश्यक

कदम चालिने छ । साथै बेरुजु फछ्र्यौट नगर्ने विद्यालयलाई वेरुजु फछ्र्यौट नहुँदासम्म नगरपालिकाबाट उपलब्ध गराई सहयोग स्थगित गरिने छ ।

६२. कक्षा ५ सम्मका सामुदायिक विद्यालयमा पढ्ने प्रारम्भिक बाल विकास केन्द्र समेतका विद्यार्थीहरुलाई संघीय सरकारको सहभागितामा दिवा खाजाको प्रबन्धलाई निरन्तरता दिइने छ ।

६३. नगरपालिका भित्रका धार्मिक विद्यालयहरु, मातृ भाषामा शिक्षा प्रदान गर्ने विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रहरु सञ्चालन गर्न सहयोग पुऱ्याइने छ ।

६४. व्यास नगरपालिका भित्र रहेका विद्यालयहरुमा यसै शैक्षिक सत्रदेखि कक्षा १ मा स्थानीय पाठ्यक्रम र माध्यमिक विद्यालयका कक्षा ११ र १२ मा वेदव्यास सम्बन्धी अतिरिक्त पाठ्यक्रम अध्यापन गराउने व्यवस्था मिलाइने छ ।

६५. "हाम्रो प्रतिभा हाम्रो गौरव" भन्ने विश्वासका साथ व्यास नगरपालिका भित्रका विभिन्न विधामा नगर क्षेत्र भित्रका विद्यार्थीहरु बीच प्रतिस्पर्धा गराई नगर स्तरीय उत्कृष्ट प्रतिभा छनौट गरी सम्मान एवं पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

६६. व्यास नगरपालिकामा स्थायी बसोबास भई उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरुलाई अनुसन्धान गर्ने कार्यमा र नगरपालिका भित्रका विद्यालय तथा क्याम्पसमा अध्ययनरत कक्षा ११ र १२ का विपन्न वर्गका छात्रछात्राहरुलाई अध्ययन गर्नका लागि अनुसन्धान अनुदान एवं छात्रवृत्ति सहयोग पुऱ्याइने छ ।

६७. व्यास नगरपालिका भित्रका संस्थागत विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा नियमनका लागि अनुगमन गरी स्तरीकरण गर्न र नेपाल सरकारले तोकेको न्यूनत्तम पारिश्रमिक नघट्ने गरी शिक्षक व्यवस्था गर्न सहजीकरण गरिने छ ।

६८. व्यास नगरपालिका भित्रका विद्यालयहरुमा विद्यमान कोभिड-१९ को असर र प्रभावका बिच पठन पाठनको निरन्तरताका लागि वैकल्पिक अध्यापन कार्य गर्न विद्यालयहरुलाई आवश्यक सहयोग पुऱ्याइने छ । यस कार्यमा पढ्नका लागि कोठा (Room to Read) सँग सहकार्य गरिने छ ।

६९. नगरपालिका भित्रका सबै शिक्षकहरुको क्षमता विकास गर्न विविध प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ । अनुभव आदान प्रदानका लागि शैक्षिक भ्रमणको समेत व्यवस्था मिलाइने छ ।

७०. सामुदायिक तथा संस्थागत विद्यालयका व्यस्थापन समितिको म्याद २०७८ जेष्ठ मसान्तमा सम्पन्न भइसकेकाले नयाँ शैक्षिक सत्रमा हुने विद्यार्थी भर्नाको आधारमा २०७८ श्रावण १५ गतेभित्र नियमानुसार व्यवस्थापन समिति गठन गर्ने, गराउने व्यवस्था वडाका जनप्रतिनिधिहरु मार्फत मिलाइने छ । साथै प्रधानाध्यापकहरुको करार सम्झौता अनुसार कार्य समीक्षा गरी आवश्यक निर्णय लिइने छ ।

७१. व्यास नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने उद्देश्यका साथ कार्यविधि समेत लागू भइसकेकोले बालमैत्री नगरपालिका घोषणाका लागि मापदण्ड अनुसारका कार्यहरु अघि बढाइने छ ।

७२. "ज्ञान नै समृद्धिको आधार" भन्ने मान्यताका साथ व्यास नगरपालिका भित्र अनुसन्धान सामग्री सहितको विशिष्ट कृतिहरुको संगालो भएको Digital Library स्थापना गरी उच्च शिक्षा तथा विद्यालय शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निशुल्क अध्ययन अनुसन्धानको व्यवस्था मिलाइने छ ।

७३. व्यास नगरपालिका भित्रका बाल विकास शिक्षकहरु, कर्मचारीहरुको सेवा सुविधामा संघ, प्रदेश सरकारसँगको सहभागितामा न्यूनत्तम सुविधा उपलब्ध गराने नीति लिइने छ ।

७४. व्यास नगरपालिकामा शिक्षक दरबन्दी मिलान हुँदा मा.वि. र आधारभूत तहमा शिक्षक नपुग्ने भएका तर नेपाल सरकारको नीति निर्देशन अनुसार प्रा.वि. तहमा बढी हुने दरबन्दीलाई मा.वि., नि.मा.वि.मा

सोधभर्ना राख्दा ५३ प्रा.वि. दरबन्दी आफै बढी हुने देखिएको अवस्था रहेकोले रिक्त २३ दरबन्दी खारेज गर्दा समेत अझै ३० दरबन्दी कटौती हुन जाने भएकोले कनिष्ठ शिक्षकहरुलाई पुल दरबन्दीमा राखी रिक्त हुँदै जाने दरबन्दीमा समायोजन गर्दै जाने र २०७८ कार्तिक मसान्त भित्र निवृत्तीभरण प्राप्त गर्ने इच्छुक शिक्षकहरुलाई स्वइच्छिक अवकास लिएमा नगरपालिकाले केही थप सुविधा दिने व्यवस्था मिलाई विद्यालय समायोजन र दरबन्दी मिलान समेत गरिने छ ।

७५. व्यास नगरपालिका भित्रका संस्थागत विद्यालयहरुद्वारा अत्यधिक शुल्क लिइएको, सामुदायिक विद्यालयहरुमा समेत विभिन्न वहानामा चर्को शुल्क लिइएको गुनासो आइरहेको परिप्रेक्ष्यमा संस्थागत र सामुदायिक विद्यालयका शुल्क सम्बन्धमा अध्ययन गरी कानुन बमोजिम आवश्यक निर्णयहरु लिइने छ ।

**उद्योग क्षेत्र**

७६. व्यास नगरपालिका भित्र सञ्चालित चुन ढुङ्गा उद्योग, विभिन्न स्तरका इटा उद्योग, ढुङ्गा र काठजन्य उद्योग लगायतका अन्य उद्योगहरुको कानून बमोजिम दर्ता, नियमन र अनुगमन गरी वातावरणमैत्री उद्योग सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याई उद्योगमैत्री नगरपालिका स्थापनामा जोड दिइने छ ।

७७. व्यास नगरपालिका वडा नं.५ को चिन्तुटार र वडा नं.१० को माथिल्लो भतेरी सिसौघारी हुँदै परेवारहसम्मको सार्वजनिक बगर जग्गालाई औद्योगिक ग्राम बनाउने कार्यमा सहयोग पुऱ्याइने छ ।

७८. यस नगरपालिकाको आर्थिक विकासका लागि "निजी क्षेत्रसँग नगरपालिका" भन्ने कार्यक्रमको आयोजना गरी हरेक ३ महिनामा १ पटक स्थानीय व्यवसायी र जनप्रतिनिधि बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

७९. "निजी क्षेत्र एवं लगानीमैत्री" नगरपालिका निर्माण गर्न निजी साझेदारिता अवधारणा बमोजिम मानहुँकोट, नारेश्वर ताल निर्माण लगायतका योजनाहरुमा सहकार्य गर्ने कार्यक्रम ल्याइने छ ।

८०. नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत सञ्चालित मेड्पा कार्यक्रम र निजी क्षेत्र समेतको लगानी एवं सहकार्यमा यस नगरपालिकामा एक उद्यमशीलता प्रशिक्षण केन्द्र सञ्चालन गरिने छ ।

८१. युवा उद्यमीहरुलाई सहयोग एवं उनीहरुको व्यवसायिक प्रवर्द्धन गर्दै स्वरोजगार सृजना गर्न वित्तीय संस्थासँग समन्वय गरी यस नगरपालिका समेतको सहभागितामा व्यवसाय सञ्चालन अनुदान एवं सरल ऋण उपलब्ध गराउने कार्यक्रम ल्याइने छ ।

८२. माटो कटिङ, ढुंगा कटिङ उद्योगको तथ्यांक लिई व्यवस्थापन एवं नियमन गरिने छ ।

**व्यवस्थित बसोबास र भूमि व्यवस्थापनः**

८३. यस नगरपालिकामा भूउपयोगको नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्र भित्रको जमिनको प्रकृतिको आधारमा कृषि क्षेत्र, आवास क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र र सार्वजनिक क्षेत्रहरुको नक्साङ्कन गरिने छ भने जग्गा खण्डीकरण गर्ने र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।

८४. व्यास नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका एकीकृत जग्गा विकास परियोजना एवं निर्देशित जग्गा विकास कार्यक्रमलाई स्थानीयहरुसँगको सहभागिता एवं सहकार्यमा अगाडि बढाइने छ । हाल रानीगाउँ र बैरेनी क्षेत्रको अध्ययन गर्ने कार्य सम्पन्न भइसकेको र मानुङ र शिशाघाट क्षेत्रको अध्ययन गर्ने कार्य अगाडि बढि रहेकोले उल्लेखित स्थानहरुको नमूना जग्गा विकास आयोजना सञ्चालनमा ल्याइने छ । यस कार्यमा नगर विकास कोष, राष्ट्रिय भूकम्प प्रविधि समाजसँग सहकार्य गरिने छ । मानहुँकोटको गुरु योजना अनुसार विकास कार्य अघि बढाइने छ ।

८५. व्यास नगरपालिका भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क सङ्कलन भई कम्प्युटरमा प्रविष्टि गर्ने कार्य भइरहेकोले आवश्यक प्रक्रिया पुरा गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरिने छ । साथै सार्वजनिक सरोकारका जग्गाहरु संरक्षण गर्ने अभियानमा नगरपालिका प्रतिबद्ध रहने छ भने खोला खोल्साहरुको मापदण्ड अनुसार संरक्षण गरिने छ ।

८६. व्यास नगरपालिकामा निर्माण हुने घरलाई बलियो घर निर्माण र बलियो वस्ती निर्माण गर्ने कार्यमा घर निर्माण आचार संहितालाई कडाइका साथ लागु गरिने छ भने दिनानुदिन तिब्रतर रुपमा बढ्दै गइरहेको शहरीकरणको कारण भइरहेको जग्गा खण्डीकरणको अवस्थालाई मध्यजनर गरी जग्गा पुनर्नापीको कार्यक्रम ल्याइने छ ।

८७. व्यास नगरपालिका वडा नं.२ र ३ को १० फुटे सडकमा बनेका घर जग्गाहरुको लगत लिई अव्यवस्थित बसोबासीको अवधारणा बमोजिम मापदण्ड पुरा हुन सक्ने घरधनीहरुको कानून बमोजिम जग्गा दर्ता एवं घर नक्सा कायम गर्ने व्यवस्था मिलाइने छ ।

८८. "कलात्मक र सम्पदामैत्री व्यास नगर" को अवधारणा अनुसार प्राचिन एवं परम्परागत शैलीका साँस्कृतिक पहिचान झल्कने घर निर्माणमा सहयोग गर्ने कार्यक्रम ल्याइने छ । पर्यटकीय एवं ऐतिहासिक महत्वका स्थलहरुको संरक्षण र सम्वर्द्धनका लागि कानुनको तर्जुमा गरिने छ ।

८९. "दमौलीलाई तार रहित शहर" निर्माण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरी भूमिगत विद्युत लाइन विस्तार एवं तार व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन पहल गरिने छ ।

**वनवातावरण तथा विपद् व्यवस्थापन**

९०. व्यास नगरपालिका भित्रका जंगल तथा निजी, कबुलियती र सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन एवं उपयोग सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका विभिन्न कार्यक्रमहरुलाई नगरपालिकाको एकीकृत विकास अभियानमा समावेश गरी कार्यक्रम ल्याइने छ ।

९१. नगरको प्राकृतिक सुन्दरता अभिबृद्धि गर्ने उद्देश्यका साथ तत्काल सडक किनारा, पार्क तथा खुल्ला स्थानको वातावरणीय स्वच्छता कायम हुने गरी कार्यक्रम सञ्चालन गरिने छ भने दीर्घकालीन रुपमा व्यास नगरलाई फुलैफुलको नगर बनाउन बहुउद्देश्यीय नर्सरी स्थापना गरिने छ ।

९२. व्यास नगरपालिकालाई प्लाष्टिक मुक्त नगरपालिका बनाउन टोल विकास संस्थाहरुसँगको सहकार्य विशेष कार्यक्रम ल्याइने छ ।

९३. व्यास नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुको वर्गीकरण गरी सडक किनारामा हरियाली प्रवर्द्धन गर्नको लागि वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ । नगरको सुन्दरताको लागि एकरुपता कायम होस् भन्ने हेतुले सम्बन्धित विषयका विशेषज्ञको परामर्शमा नगरपालिकाबाटै बोट विरुवाहरु उपलब्ध गराइने छ भने यस्ता बोट विरुवाहरुको उत्पादन जग्गाधनीहरुले नै उपयोग गर्ने गरी संरक्षण गर्ने कार्यक्रम ल्याइने छ

९४. यस नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा रहेका चौतारी, पोखरी, कुवा, इनार, धारा, पाटी एवं पौवाहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

९५. नगरपालिका भित्रका विभिन्न स्थानहरुको जैविक विविधता (बायोडाइभरसिटि) को अध्ययन गरी संरक्षणको कार्यक्रम ल्याइने छ ।

९६. व्यास नगरपालिका भित्र वातावरणमैत्री विकास आयोजनाहरु सञ्चालन गर्न कार्यविधि बनाइने छ र वातावरण प्रतिकुल असर गर्ने गरी सञ्चालनमा ल्याइने हेभी इक्वीपमेन्टहरुलाई निरुत्साहित गरिने छ ।

९७. विपद् तथा जलवायु उत्थानशीलसँग सम्बन्धित विभिन्न ऐन, नियम तथा कार्यविधि बनाई लागु गरिने छ।

९८. व्यास नगरस्तरीय विपद् व्यवस्थापन केन्द्र स्थापना गरी सचेतनामूलक कार्यक्रमका साथै उद्दार कार्यको व्यवस्था मिलाइने छ।

९९. व्यास नगरपालिका भित्रका नदी खोलाको मापदण्ड कायम गरी नदी, खोला तथा मुहान संरक्षण र स्वच्छता सम्बन्धी कार्यक्रमहरु ल्याइने छ। यसका लागि आवश्यक कानुन बनाइने छ।

१००. नगरपालिकामा कुहिने र नकुहिने फोहोरहरुको श्रोतमानै वर्गीकरण गरी व्यवस्थित रुपमा सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइने छ भने कुहिने फोहोरलाई बायोग्याँस उत्पादन गर्न प्रयोग गरिने छ।

१०१. व्यास नगरपालिकाका बजार क्षेत्रमा व्यवस्थित बायोग्याँस सहितको पशुपंक्षी वधशालाको सञ्चालन एवं व्यवस्थापन गरी स्वस्थ माछा मासु उत्पादन एवं बिक्री वितरण कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ। साथै मासु पसलहरुको नियमन कार्यलाई नियमित एवं प्रभावकारी बनाइने छ।

१०२. विगत २९ वर्षको अवधिमा फोहोर मैला व्यवस्थापन केन्द्र स्थापना गर्ने कार्य बाँकी नै रहेको छ। व्यास नगरपालिका वडा नं.५ को टेकन थुम्कीमा राखिन लागेको फोहोर मैला व्यवस्थापन केन्द्रको वैकल्पिक स्थानका रुपमा वडा नं.४ र वडा नं. १० को सामुदायिक वन क्षेत्रमा अन्तर्गत पर्ने जग्गामा फोहोर मैला व्यवस्थापन गर्दा वस्तीलाई कुनैपनि असर नपर्ने भनी सम्बन्धित विषयका विशेषज्ञद्वारा सो सम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भइसकेको परिप्रेक्ष्यमा सम्बन्धित वडा समितिहरु र स्थानीय टोल विकास संस्थाहरुसँग समन्वय गरी नेपाल सरकार र प्रदेश सरकार समेतको लगानी एवं सहकार्यमा स्यानीटरी ल्याण्डफिल साइट (फोहोर मैला व्यवस्थापन केन्द्र) निर्माण गरी सञ्चालनमा ल्याइने छ। उल्लेखित स्थानमा आवश्यक पूर्वाधार निर्माण नहुँदासम्म हाल व्यास १ मा बिसर्जन गरिदै आइएको नकुहिने फोहोरलाई व्यवस्थापन गर्न वैकल्पिक मार्ग तयार गरी व्यास १० स्थित शिशौघारी माथि करिब १०० रोपनी जग्गा उपयोगमा ल्याउने व्यवस्था मिलाइने छ।

१०३. नगरपालिकामा सञ्चालनमा आउने अवस्थामा रहेको व्यास नगरपालिका वडा नं.१३ सुडे स्थित दिसा व्यवस्थापन केन्द्रलाई सञ्चालनमा ल्याइने र सेफ्टी ट्यांक सफाई अभियानलाई निरन्तरता दिइने छ।

१०४. व्यास नगरपालिका अन्तर्गतका नालाहरुलाई टोल विकास संस्थाको सहकार्यमा सफाई अभियान सञ्चालन गरिने छ।

१०५. व्यास नगरपालिका भित्र बाढी पहिरो जाने भिरालो जग्गाहरुमा संरक्षणका लागि अम्रिसो लगाई त्यसको बिक्री वितरणबाट आय आर्जन गर्ने व्यवस्था समेत मिलाइने छ।

१०६. व्यास नगरपालिका भित्रका सामुदायिक वनहरु नगरपालिकाको सहकार्यको दायरामा नआएको देखिंदा संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको स्थानीय तहको वातावरण संरक्षणको अधिकार क्षेत्रको सिमा भित्र व्यवस्थापन गर्ने गरी आवश्यक नियमन गरिने छ।

**युवा क्षेत्र**

१०७. व्यास नगरपालिका अन्तर्गत विभिन्न पेशा, व्यवसाय, अध्ययन र अन्य क्षेत्रमा रहेका सामाजिक भावना बोकेका उत्साही युवाहरुलाई समेटेर व्यास नगरपालिका युवा परिषद्को पुनर्गठन गरिने छ। नगरका सबै वडा, वर्ग, जातजाती, समूह र समुदायका १८ वर्षदेखि २८ वर्षसम्मका प्रतिभावान युवाहरुका बिचमा स्वस्थ प्रतिष्पर्धा एवं मूल्याङ्कनका आधारमा युवा परिषद्का सदस्यहरु चयन गरिने छ। युवा परिषद्ले यूवाका चुनौति र अवसरका बारेमा नगरपालिकासँग निकट रहेर

सार्वजनिक तथा सामुदायिक विकासका कार्यहरुमा सेवा र सहयोग पुऱ्याउने छ । युवाहरुको सरोकारका विषयमा यस परिषद्ले सकारात्मक भूमिका निर्वाह गर्न नगरपालिकासँग सहकार्य गर्नेछ ।

१०८. युवाहरुलाई दूर्व्यसनबाट जोगाउन विद्यालय, टोल संस्था र स्थानीय प्रहरी कार्यालयसँग समन्वय गरी चेतनामूलक तालिम एवं नैतिक शिक्षा दिने व्यवस्था मिलाइने छ ।

१०९. युवाहरुमा उद्यमशीलता विकास गर्न विभिन्न पेशा व्यवसाय गर्न इच्छुक युवाहरुलाई स्वरोजगारमूलक तालिमहरु सञ्चालन गरिने छ भने वैदेशिक रोजगारमा जाने र वैदेशिक रोजगारबाट फर्की आउने युवाहरुलाई आवश्यक परामर्श सेवा एवं उद्यमशील कार्यमा सहयोग पुऱ्याइने छ ।

११०. वैदेशिक रोजगारीबाट फर्किएका र वेरोजगार युवाहरुको रोजगारीलाई प्रत्याभूत गर्न विशेष अनुदानको व्यवस्था मिलाइने छ ।

१११. व्यास नगरपालिका भित्रका प्रतिभावान युवाहरुलाई समाज परिवर्तनको मुल प्रवाहमा समाहित गराउँदै आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रको नेतृत्वदायी भूमिका निर्वाह गर्न उत्प्रेरित गराई यस नगरपालिकासँगको अपनत्व विकास हुने गरी कार्यक्रमहरु अगाडि बढाइने छ ।

**खेलकुद क्षेत्र**

११२. व्यास नगरपालिकाका युवाहरुको विभिन्न खेलहरु प्रतिको अभिरुचीलाई व्यवस्थापन गर्न आवश्यक पूर्वाधार निर्माण गरिने छ । नगरपालिका क्षेत्रभित्र रहेका वि.पि. वनबाटिका, निर्मल मा.वि., पराशर, चिन्तुटार, कोलढुङ्गा, डिहीगाउँ, वेलवास, शिशाघाट लगायतका खेल मैदानहरुको स्तरीकरण गरी फुटबल, क्रिकेट, भलिबल, व्याड्मिन्टन लगायतका खेलहरुको नगर स्तरीय, जिल्ला स्तरीय, प्रदेश स्तरीय र राष्ट्रिय स्तरका प्रतिष्पर्धाहरु सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

११३. नगरपालिका भित्र विभिन्न विधाका खेलकुद प्रवर्द्धनका लागि नगर स्तरीय खेलकुद समिति गठन गरी दीर्घकालीन सोचका साथ विभिन्न क्लब, विद्यालय, क्याम्पस, वडा स्तरका प्रतिष्पर्धाहरु सञ्चालन गरिने छ । म्याराथन प्रतियोगिता सम्बन्धी कार्यक्रमहरु खेलकुद समिति मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

११४. अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ सिल्ड, मेयर कप नगर स्तरीय खुल्ला फुटवल प्रतियोगिता, माध्यमिक विद्यालय स्तरीय उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, मेयर कप खुल्ला व्याडमिन्टन प्रतियोगिता लगायतका खेलहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

**पूर्वाधार निर्माण**

११५. वडाका निर्वाचित प्रतिनिधिहरुको उत्तरदायित्व बढाउँदै वडावासीहरुसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा समावेशी र समानताका आधारमा सबै वडाका लागि सामाजिक न्यायपूर्वक वडाका प्रतिनिधिहरु मार्फत प्रत्यके बस्ती, टोल संस्थाको सहभागिता एवं परामर्शमा विकास आयोजनाहरु छनौट गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११६. वडाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु मध्ये ठूला प्रकृतिका पूर्वाधार विकासका आयोजनाहरुलाई नगर स्तरीय, प्रदेश स्तरीय र संघीय स्तरीय आयोजनामा समावेश हुने गरी कार्यक्रम ल्याइने छ । महत्वपूर्ण मार्गहरु, खानेपानीका आयोजनाहरु, खेल मैदानहरु, पर्यटकीय प्रवर्द्धनका पार्कहरु, निर्माण हुन बाँकी वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गर्ने गरी पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ भने सबै वडा कार्यालयहरुसम्मका सडकहरुलाई कालेपत्रे गरिने योजनालाई निरन्तरता दिइने छ । साथै आगामी आर्थिक वर्ष भित्र सबै वडा कार्यालयहरु आफ्नै भवनबाट सञ्चालन हुने गरी कार्यक्रम तय गरिने छ ।

११७. नगरपालिकाबाट सञ्चालित योजनाहरुलाई व्यवस्थित तरिकाले सम्पन्न गर्न न्यूनत्तम एक वडा एक प्राविधिकको व्यवस्थालाई निरन्तरता दिइने छ । नगरपालिकाबाट छनौट भएका रु.१० लाखभन्दा माथिका विकास आयोजनाहरुलाई प्राथमिकतामा राखी प्रथम चौमासिक भित्र नै निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

११८. आगामी आर्थिक वर्षसम्ममा यस नगरपालिका क्षेत्रमा नगर बस सञ्चालन गर्ने गरी नगर यातायात संजालको विकास एवं चक्रपथ निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

११९. विकास आयोजनाहरुको सञ्चालनमा उपभोक्ताहरुको अपनत्व रहने गरी आयोजनाको प्रकृति र लाभान्वित जनसंख्याको आधारमा लागत सहभागितालाई पुनर्विचार गरी न्यूनत्तम दश प्रतिशतदेखि ३० प्रतिशतसम्म रहने व्यवस्था मिलाइने छ ।

१२०. शहरी क्षेत्रका चोक, सडक पेटी र जीर्ण सडकहरु सडक बोर्ड नेपाल, प्रदेश सरकारको सहयोगमा स्तरीकरण गरिने छ ।

१२१. नगरपालिका क्षेत्र भित्रका काठे पोलहरु विस्थापन गरी स्टिलको पोलहरु व्यवस्थापन गर्ने र विद्युत नपुगेका घरहरुमा विद्युत पुर्‍याउने कार्यमा संघीय र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

१२२. आ.व.२०७६।०७७ का केही अधुरा योजनाहरु हालसम्म पनि सम्पन्न नभएको अवस्था देखिंदा त्यस्ता योजनामा रकमान्तर नगरिने नीति लिइने छ ।

१२३. दमौली बजारमा जोडिने बुद्धसिं मार्ग, व्यास मार्ग, दमौली केशवटार मार्ग, माहेन्द्री मार्ग, पराशर मार्ग, बागेश्वरी मार्ग, मुक्तिनारायण मार्ग, सिन्धु मार्ग, कालिका मार्ग स्तरीकरण एवं वडा कार्यालय पहुँच मार्गहरुलाई प्राथमिकतामा राखी स्तरीकरण गर्न विशेष जोड दिइने छ ।

१२४. व्यास नगरपालिका बजार क्षेत्र र सडक क्षेत्रमा सोलार बत्ती समेत राखी सडक बत्तीको व्यवस्थापन गरी "उज्यालो नगरपालिका" बनाइने छ ।

१२५. नगरपालिकाको एकीकृत विकास योजनाको आधार समेतमा तयार गरिएको ३ वर्षे आवधिक योजना अनुरुप विकास प्रकृयालाई अघि बढाइने छ । साथै एकीकृत एवं आवधिक योजनासँग वार्षिक योजनाको तादात्मता राखिने गरी मध्यकालीन खर्च संरचना (MTEF) लागु गरिने छ ।

१२६. नगरपालिका भित्रका कृयाशील टोल विकास संस्थाहरुलाई सहभागितात्मक विकास अभियानमा सरिक बनाउन सवलीकरणका कार्यक्रमहरु ल्याइने छ ।

**सूचना र सञ्चार क्षेत्र**

१२७. संघीय सरकारको सहयोगमा नगरपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक माध्यमिक विद्यालयहरुमा दुई वर्षका लागि निशुल्क इन्टरनेट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१२८. आम संचार सेवाको गुणस्तरीय र सर्वसुलभ पहुँचको लागि स्थानीय सञ्चार ऐन तर्जुमा गरिने छ भने कानून बमोजिम एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजीको व्यवस्था गरिने छ ।

१२९. नगरपालिकाको सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउन र छिटो छरितो रुपमा सेवा प्रवाह गर्न नगरपालिकाको सबै वडाहरुलाई प्रविधिमैत्री गराउँदै नियमित सेवालाई अझ प्रभावकारी, भरपर्दो एवं विश्वसनीय बनाइने छ ।

१३०. स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफ.एम. रेडियो र टेलिभिजनहरुसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रशारण गरी नगरपालिकाको गतिविधि

नगरवासीसम्म पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिने छ । साथै नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरु र जानकारीमूलक सूचनाहरु मोवाइल एप मार्फत घर घरमा पुऱ्याउने छ ।

१३१. कोरोना भाइरसका प्रभावले नेपाली सञ्चार माध्यम सँगसँगै व्यास नगरपालिकामा रहेका सञ्चार माध्यम पनि प्रभावित भएका छन् । आर्थिक रुपमा धाराशाही हुँदै गएको सञ्चार क्षेत्र र यसबाट प्रभावित सञ्चारकर्मीहरु पेशाबाटै विस्थापित हुने स्थिति रहेको यस विषम परिस्थितिमा नगर क्षेत्र भित्रका सञ्चार माध्यम र सञ्चारकर्मीहरुको हकहितका लागि पत्रकार सहासंघ तनहुँको सहकार्यमा निम्नानुसार कल्याणकारी कार्यक्रम निर्माण गरिने छः

(क) नगर भित्रका सञ्चार माध्यमहरुको वर्गीकरण गरी कल्याणकारी विज्ञापन उपलब्ध गराइने छ ।

(ख) पत्रकारहरुको वृत्ति विकास गर्न पत्रकारिता उच्च अध्ययनका लागि हरेक वर्ष २ जना सञ्चारकर्मीलाई छात्रवृत्ति सहयोग उपलब्ध गराइने छ ।

(ग) नगरपालिकाको आर्थिक, कृषि तथा पूर्वाधार विकास सम्बन्धी विषयमा समाचार सङ्कलन, रिपोटिङ्ग सम्बन्धी विशिष्ट तालिम सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । हरेक वर्ष नगरपालिकाको समाचार प्रकाशनमा विशेष योगदान दिने १ जना पत्रकारलाई पुरस्कृत गरिने छ ।

१३२. कोरोना भाइरसको प्रभावले दिएको चुनौतिका कारण हाम्रा विभिन्न पेशा, व्यवसाय लगायत अध्ययन, अध्यापन जस्ता कार्यमा इन्टरनेटमा आधारित व्यवसायिकरणको विकल्प खोजिनु पर्ने देखिन्छ । यस सन्दर्भमा नगरका व्यवसायिक, शैक्षिक, कृषि र अन्य क्षेत्रसँग सम्बन्धित संस्थाहरु र विज्ञहरुको सहभागितामा डिजिटल प्रविधिको उपयोग गरी स्थानीय बजार र व्यवसायलाई नगरभन्दा बाहिर विश्व स्तरसम्म विस्तार गर्न, अनुभवको आदानप्रदान गर्न, स्थानीय डिजिटल नक्सा निर्माण गर्दै कृषि र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने कार्यमा यूवाहरुको सहयोग लिइने छ ।

१३३. यस वर्ष पनि यस नगरपालिकाद्वारा प्राथमीकरणमा परेका अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री सञ्चार अभियानलाई थप प्रभावकारी बनाइने छ ।

१३४. व्यास नगरपालिकाका ऐतिहासिक, पुरातात्विक, सामरिक, भौगोलिक, पर्यटकीय एवं धार्मिक महत्व बोकेका स्थानहरुको डिजिटलाइज गर्ने व्यवस्था मिलाइने छ ।

**पुस्तकालय व्यवस्थापन**

१३५. पछिल्लो समय पुस्तकालयलाई विभिन्न विषयहरुमा अन्तरक्रिया, छलफल, सिकाई केन्द्र र नवनिर्माणको सोच विस्तार गर्ने स्थलका रुपमा परिभाषित गरी सोही बमोजिम पुस्तकालयहरुको विकास गर्ने क्रम अगाडि बढिरहेको छ । यसै तथ्यलाई मध्यनगर गरी नगर भित्रका क्याम्पस र विद्यालयहरुको पुस्तकालयहरुलाई प्रविधिमैत्री बनाई स्तरीकरण गर्ने कार्यमा सहयोग पुऱ्याइने छ ।

१३६. व्यास नगरपालिका भित्र स्थापना भएको “व्यास नगर पुस्तकालय” लाई थप परिस्कृत गर्दै सञ्चालनमा ल्याइने छ । जस अनुसार पुस्तकालयमा इलाइब्रेरी प्रवर्द्धन, नियमित छलफल कार्यक्रम, सिनेमा डकुमेन्ट्री प्रदर्शन, सृजनशील कार्यशाला, यूवा केन्द्रित ज्ञान सिप तालिमहरु जस्ता प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्दै यसलाई सबै धर्म परम्पराको अध्ययन केन्द्रका रुपमा समेत विकसित गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।

**न्याय तथा मध्यस्थता**

१३७. संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रत्याभूत गरेको न्यायिक समिति र मेलमिलाप विधिलाई अझ स्तरीय एवं विश्वसनीय बनाइने छ ।

१३८. न्यायिक समितिका पदाधिकारी सदस्यहरु र मध्यस्थकर्ताहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु ल्याइने छ । साथै हरेक वडाहरुमा मध्यस्थता विधिद्वारा मेलमिलाप गराई न्यायिक विश्वास र सुरक्षाको अनुभूति दिलाउन मेलमिलाप केन्द्रलाई क्रमशः थप व्यवस्थित गराउँदै लगिन छ ।

१३९. असहाय, जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति एवं बालबालिकाहरुको न्यायिक प्रकृयालाई निशुल्क सेवा प्रदान गरिने छ ।

**महिला क्षमता विकासः**

१४०. व्यास नगरपालिका भित्रका महिलाहरुको क्षमता विकास एवं सिप विकास गरी आत्म निर्भर बनाउनका लागि "उपप्रमुख महिला सिप विकास कार्यक्रम" सञ्चालन गरिने छ ।

१४१. "लैगिंक भेदभाव मुक्त व्यास नगर" बनाउन छोरी मात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पतिलाई छोरी २० वर्ष नपुग्दासम्म नगरपालिकाबाट लगाइने सम्पत्ति कर लगायतका सबै करमा २० प्रतिशत छुट दिइने छ ।

१४२. "आत्म निर्भर छोरी सशक्त व्यास नगर" अभियानमा छोरीको २० वर्ष पुगेपछि मात्र विवाह गर्ने दलित, बोटे, दराई, कुमाल, चेपाङको छोरीलाई सम्मान गर्दै त्यस्ता छोरीको विवाहमा नगद सहयोग गर्ने प्रबन्ध मिलाइने  र २० वर्ष पुगेपछि मात्र विवाह गर्न प्रचार प्रसार एवं अभिमुखीकरण गरिने छ ।

१४३. नगरपालिका भित्र स्थायी बसोबास गर्ने स्नातक तहसम्म योग्यता हासिल गरेका विपन्न वेरोजगार महिलाहरुलाई उद्यमशीलता विकासका लागि अनुदान सहयोग प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१४४. व्यास नगरपालिकामा स्वास्थ्य संकटमा रहेका विपन्न महिलाहरुलाई आर्थिक सहयोग प्रदान गरी जीवन रक्षामा सहयोग पुऱ्याइने छ ।

१४५. महिलाहरुद्वारा सञ्चालित सहकारीहरुलाई व्यवस्थित गर्ने कार्यमा सहजीकरण गरिने छ ।

१४६. "महिलासँग उपप्रमुख कार्यक्रम" अन्तर्गत गर्भवती महिलाहरुको पोषणका लागि सहयोग गरिने छ ।

१४७. व्यास नगरपालिकामा लैगिंक हिंसा निवारण कोष सञ्चालन गरिने छ र हिंसामा परेका महिलाहरुलाई कानुनी उपचारका लागि सहयोग एवं उनीहरुको सुरक्षा र संरक्षणको व्यवस्था मिलाइने छ ।

१४८. उच्च शिक्षा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न रहेका छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

१४९. दलित, सिमान्तकृत लोपोन्मुख जाति एवं मुस्लिम समुदायका महिलाहरुलाई नेतृत्व विकास एवं सिप विकासका विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गरिने छ ।

१५०. व्यास नगरपालिकाका महिला जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता विकास गर्नका लागि प्रशिक्षण, अवलोकन भ्रमण, अनुसन्धानात्मक गतिविधिहरु सञ्चालन गर्ने र अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

**जनजाति सहयोग कार्यक्रम**

१५१. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जात जनजातिहरुको मौलिक संस्कृतिलाई संरक्षण गरिने छ । त्यसका लागि कुसुण्डा, बोटे, चेपाङ, दरै, कुमाल, दुरा, मगर, गुरुङ, नेवार, मुस्लिम, अन्य जातका साँस्कृतिक एवं जीवन उपयोगी सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । साथै सबै जातका जनजातिहरुको मौलिकता झल्कने गरी संग्राहलयहरु निर्माणमा सहयोग पुऱ्याइने छ ।

१५२. दरै, मगर, गुरुङ लगायतका आदिवासी जनजातिहरुको भाषा तथा संस्कृतिको अध्ययन गर्न चाहने स्वतन्त्र अध्येता तथा अनुसन्धानकर्तालाई प्रस्तावनाका आधारमा सहयोग उपलब्ध गराइने छ । यस विषयमा शोध गर्न चाहने स्नातकोत्तर अध्ययनरत आदिवासी जनजातिका विद्यार्थीहरुलाई सहयोग उपलब्ध गराइने छ ।

१५३. व्यास नगरपालिका भित्रका नदी, खोलाहरुमा माछा वृद्धि गरिने छ र माछा मार्ने परम्परागत पेशा संकटमा परे पश्चात् दैनिक छाक टार्न समस्यामा परेका बोटे तथा दरै जाति व्यक्तिहरुलाई विशेष सहयोग कार्यक्रम ल्याइने छ ।

**दलित उत्थान कार्यक्रम**

१५४. दलितका परम्परागत पेशालाई आधुनिकीकरण गरी उत्पादकत्व वृद्धिका लागि "दलितसँग नगर प्रमुख" कार्यक्रम अन्तर्गत परम्परागत आरनहरुको आधुनीकीकरण, सिलाई पेशामा आवद्ध व्यक्तिहरुलाई तालिम एवं मेशिन खरिद अनुदान, छालाको काम गर्नेलाई मेशिन खरिद अनुदान तथा अन्य परम्परागत पेशामा अनुदान दिने व्यवस्था मिलाइने छ ।

**अपाङ्गता सहयोग कार्यक्रम**

१५५. व्यास नगरपालिका भित्र बसोबास गर्ने दृष्टिविहिन, बहिरा, सुस्त अपाङ्गताहरुलाई जीवन यापनमा सहजीकरणका लागि सो सम्बन्धी कार्यमा सहयोग पुऱ्याइने छ ।

१५६. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानजनक क्षमता विकास एवं अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याइने छ ।

१५७. हरेक वर्ष नगरपालिका भित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक अध्यावधिक गरी नेपाल सरकार, प्रदेश सरकारबाट सहयोग उपलब्ध हुन नसकेका ग वर्गका अपाङ्गताहरुलाई वार्षिक एकमुष्ठ सहयोगको व्यवस्था मिलाइने छ ।

१५८. विशेष क्षमताका बालबालिकाहरु अध्यापन गराउने विद्यालयहरुलाई अपाङ्गतामैत्री बनाउन सहयोग पुऱ्याइने छ ।

१५९. नगरपालिका भित्र निर्माण हुने सार्वजनिक प्रयोगका भवनहरु, मठ, मन्दिरहरुमा अपाङ्गतामैत्री संरचना निर्माणको व्यवस्था मिलाइने छ ।

**जेष्ठ नागरिक सम्मान**

१६०. व्यास नगरपालिका भित्रका जेष्ठ नागरिकहरुको तथ्यांक अध्यावधिक गरी उचित सम्मान र स्याहारको व्यवस्था मिलाइने छ । जेष्ठ नागरिक आश्रमहरुको अनुगमन गरी आवश्यक सुधारका लागि सहयोग पुऱ्याइने छ ।

१६१. नगरपालिका भित्र हरेक वडामा जेष्ठ नागरिक सम्बद्ध संघ संस्थाहरुसँग वर्षको २ पटक अन्तरक्रिया गरी आवश्यक सहयोगको वातावरण मिलाइने छ ।

१६२. जेष्ठ नागरिक अपाङ्गता, एकल महिला, दलितहरुलाई प्राप्त हुने सामाजिक सुरक्षा भत्ता बैंकिंङ प्रणाली अन्तर्गत वडा कार्यालय मार्फत समय मै वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१६३. असहाय एवं परिवारबाट हेला भई जीवन गुजारा गर्न कठिन जेष्ठ नागरिकहरुको सम्मान र संरक्षणका लागि सबै वडा कार्यालयको सहयोगमा आवश्यक व्यवस्था मिलाइने छ ।

१६४. जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य सेवा एवं सम्मानका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१६५. नगरपालिकामा दिवाकालिन जेष्ठ नागरिक मनोरञ्जन, अन्तरक्रिया, अनुसन्धानका विभिन्न कार्यक्रमहरुमा सहयोग पुऱ्याइने छ ।

**सुरक्षित वैदेशिक रोजगार व्यवस्थापन**

१६६. व्यास नगरपालिका भित्र सुरक्षित वैदेशिक राजगारका लागि नेपाल सरकार, प्रदेश सरकार समेतको सहभागितामा सञ्चालित सामी परियोजनालाई सशक्त बनाइने छ ।

१६७. वैदेशिक रोजगारबाट फर्कनेहरुको तथ्यांक लिई उनीहरुको ज्ञान सिपलाई प्रयोग गरी रोजगारी सृजना गर्ने कार्यमा सहयोग पुऱ्याइने छ ।

**सुशासन र दक्षजनशक्ति**

१६८. व्यास नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई प्रभावकारी बनाउन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) बाट प्राप्त प्रतिवेदन यस वर्षदेखि क्रमशः लागु गरिएको र यसलाई समयानुकुल परिमार्जन गरिने छ भने पारदर्शीता र सुशासनको अवधारणा मुताविक यस नगरपालिकाद्वारा सञ्चालन गरिने विभिन्न योजना तथा कियाकलापहरुको खर्च प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने व्यवस्था गरिने छ । नगरपालिकामा कार्यरत जनशक्ति तथा जनप्रतिनिधिहरुलाई विभिन्न विषयसँग सम्बन्धित तालिम एवं प्रशिक्षण दिइने छ भने अन्य स्थानीय तहहरुका असल अभ्यासहरुको अध्ययन एवं अवलोकनका लागि देशदर्शनका कार्यक्रमहरु तय गरिने छ ।

१६९. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको कार्यान्वयनका लागि समय सिमा सहितको नागरिक वडापत्रलाई समयानुकुल कार्यान्वयनमा ल्याइने छ ।

१७०. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई गुणस्तरीय र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण एवं निर्वाचित जनप्रतिनिधिहरुसँग सम्वाद कार्यक्रम सञ्चालनमा ल्याइएको र त्यसलाई निरन्तरता दिइने छ ।

१७१. नगरपालिकाको विभिन्न शाखामा पूर्णरुपमा सफ्टवयर जडान गरी प्रभावकारी र मितव्ययी सेवा सुविधा प्रदान गर्ने गरी व्यवस्था मिलाइने छ ।

१७२. सबै वडाहरुका टोल विकास संस्था, युवा क्लब लगायतका सामाजिक संघ संस्था मार्फत महामारी रोगको सचेतना र क्षमता विकासमा विविध कार्यक्रमहरु लागु गरिने छ ।

१७३. साविकको स्थानीय निकायमा नियुक्ति लिई हाल यस नगरपालिकामा सेवारत स्थानीय तह तर्फका कर्मचारीहरुको योगदानको मूल्यांकन गर्दै सम्मानित पाटन उच्च अदालतको नजिर, कर्मचारी समायोजन ऐन, २०७५ र यस सम्बन्धमा अन्य नगरपालिकाहरुले गरेको निर्णय एवं अभ्यासहरु समेतका आधारमा कर्मचारी वृत्ति विकास हुने गरी समायोजन गरिने छ ।

**विविध**

१७४. सबै धर्म र सम्प्रदायका व्यक्तिहरुले मृत्युपछि आ-आफ्नो धार्मिक आस्था अनुसार अपनाइने परम्परामा सहयोग पुऱ्याइने छ ।

१७५. नगरपालिकाका जनप्रतिनिधिहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण गराई नगरपालिकाको विकास अभियानमा अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

१७६. व्यास नगरपालिका भित्र पार्किङको व्यवस्था गरिने छ । शहरी वडाहरुमा भएका नालाहरुबाट आएको पानीलाई सुद्धीकरण प्लान्ट स्थापना गर्नका लागि अध्ययन पुरा गरिने छ ।

१७७. व्यास मार्गको वैकल्पिक निकासका लागि बैरेनीबाट माथिल्लो भेतरी हुँदै मादी नदीको पुलबाट बजार प्रवेश गर्ने र बुद्धसिं मार्गलाई करंकाठ बसपार्कमा जोड्नका लागि बुल्दी खोलाको किनार किनारै निकास दिने कार्यमा नगरपालिकाले प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाउन पहल गरिने छ ।

१७८. व्यास नगरपालिका भित्रका शवदाह स्थलहरुलाई स्तरीकरण गर्दै विद्युतीय शवदाह गृह स्थापना गर्न जमिनको व्यवस्था गरिने छ ।

१७९. व्यास नगरपालिका र स्थानीय दाताहरुको सहयोगमा निर्माण कार्य सम्पन्न भई सञ्चालन हुने अवस्थामा रहेका व्यास नगरपालिका वडा नं.३ स्थित कृयापुत्री मानव सेवा भवनको व्यवस्थित सञ्चालनको व्यवस्था मिलाइने छ ।

१८०. नगरपालिकाको एकीकृत विकासमा नगरपालिका भित्रका सबै टोल विकास संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१८१. उपभोक्ता हित र संरक्षणका लागि उपभोग्य वस्तुहरुमा गुणस्तर कायम गर्ने, बजार मूल्यमा एक रुपता ल्याउने र अस्वभाविक मूल्यलाई नियन्त्रण गर्ने जस्ता कार्यलाई जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय, उद्योग बाणिज्य संघ, राष्ट्रिय उपभोक्ता हित मञ्च, सञ्चारकर्मी आदिको सहकार्यमा स्थानीय तहलाई प्राप्त अधिकार बमोजिम बजार अनुगमन एवं नियमन कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइने छ ।

१८२. लोकतन्त्र स्थापना र संबर्द्धन गर्ने अभियानमा सहादत प्राप्त गर्नुहुने शहिदहरु र ऐतिहासिक महत्वपूर्ण व्यक्तिहरुको सम्मानका लागि उहाँहरुको स्मृतिमा विभिन्न स्मारक, अध्ययन केन्द्र, मार्गहरु र अन्य विकास आयोजनाहरुको नामाकरण गरिने छ ।

१८३. स्थानीय तहको निर्वाचन कै दिनमा हत्या गरिनु भएका व्यास नगरपालिका वडा नं.१ निवासी साहित्यिक एवं शैक्षिक व्यक्तित्व स्व. विक्रम परियारको सम्मानमा विक्रम पार्क निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

१८४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान अनुसार वडा सिमाना हेरफेर सम्बन्धी प्रस्तावलाई सम्बन्धित निकायमा स्वीकृतिका लागि पहल गरिने छ ।

१८५. नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई आन्तरिक प्रतिष्पर्धाको आधारमा स्थायी गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

१८६. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाप्रति नगरवासीको विश्वास बढ्ने, उत्पादन र उत्पादकत्व बृद्धि हुने, उद्यमशीलताको विकास हुने, सामाजिक न्यायपरक सन्तुलित विकास र सामाजिक विभेदको अन्त हुने अपेक्षा गरेको छु । नगरपालिकाको सुन्दरता, नगरवासीको सुख र समृद्धि एवं लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्बर्द्धन गर्नका लागि यो नीति तथा कार्यक्रमले सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

अन्तमा नगरपालिकाको विकास अभियानमा आग्रह पूर्वाग्रहबाट माथि उठी सङ्घीय सरकार, प्रदेश सरकार र वर्तमान तथा पूर्व जनप्रतिनिधिहरु एवं विज्ञहरुको अनुभव, परामर्श र सल्लाहलाई सदुपयोग गर्न नगरपालिका प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छौ । यो नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै सफल बनाउने कार्यमा सम्पूर्ण नगर सभासद्ज्यूहरु मार्फत नगरवासीमा सहयोग पुऱ्याई दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व. २०७८/०७९ को लागि देहाय बमोजिमको प्रस्तावित बजेट तथा कार्यक्रम यही मिति २०७८/३/१० गते प्रारम्भ हुने ३५ औं नगर सभामा उपप्रमुख मिरा जोशीद्वारा पेश गर्ने निर्णय गरियो ।

१. नगरपालिकाको आ.व. २०७८/०७९ को बजेट यस गरिमामय सभामा राख्न पाउँदा अत्यन्त खुशीको अनुभूति गरेका छौं । कोरोना भाइरसको प्रथम र दोस्रो लहरका कारणले अर्थतन्त्र र विकास कार्यक्रममा ठूलो प्रभाव परेको यस विषम परिस्थितिमा बजेट तथा कार्यक्रम निर्माणमा समेत कठिनाईहरु उत्पन्न हुन आएको महशुस गरेका छौ ।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन एवं सम्बन्धित अन्य ऐनको सिमामा रही यस नगर सभाबाट स्वीकृत नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेटको तर्जुमा भएको छ । साथै **"विविधतायुक्त गाउँ-शहर समृद्ध मेरो व्यास नगर"** भन्ने नगरपालिकाको दीर्घकालीन सोचलाई ध्यानमा राख्दै सामाजिक न्याय, दीगो विकास र उत्पादनमा बृद्धि गरी नगरवासीको अधिकत्तम हित हुने गरी आर्थिक, सामाजिक रुपान्तरण हुने गरी बजेटको तर्जुमा गरिएको छ । यो बजेट तर्जुमा गर्दा एकीकृत विकास परियोजना र आवधिक योजनालाई मध्यनजर गरिएको छ ।

३. यस बजेटमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्रको कर तथा गैरकर, राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखी निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन, सम्भाव्यता अध्ययन गरी लागत इष्टिमेट गराएर मात्र आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

४. प्रशासनिक तथा प्राविधिक क्षमता, श्रोत तथा विनियोजनका बीचमा सन्तुलन हुने गरी श्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ ।

५. आ.व.२०७७।०७८ मा विनियोजित बजेट तथा कार्यक्रम कोभिड लागयत बाढी पहिरोका कारण समयमा सम्पन्न हुन नसकेको हुँदा आ.व.२०७८।०७९ कार्तिक मसान्तसम्म सम्पन्न गर्ने गरी क्रमागत योजना सम्पन्न गर्ने, सोभन्दा वाहेकका २०७७।०७८ भन्दा अगाडिका योजना तथा कार्यक्रमहरु आगामी वर्ष रकमान्तर नहुने व्यवस्था मिलाइएको छ ।

६. लोकतन्त्रका मूल्य मान्यता सहितको समाजवाद उन्मूख अर्थतन्त्रको निर्माण, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक श्रोतको आधार विस्तार, सुशासन प्रवर्द्धन र अन्तर सरकारी समन्वयका अनेक चुनौतिहरुका बीच यो बजेटको तर्जुमा गरिएको छ ।

७. आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रीत रहने छन्:
   क. बाह्य तथा आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु ।
   ख. उत्पादनमा बृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर र सवल बनाउनु ।
   ग. अधिकार क्षेत्र भित्रका नीति, कानूनको तर्जुमा तथा संगठनात्मक संरचनालाई सुदृढ गर्नु ।
   घ. पूर्वाधार विकासमा सन्तुलित र सामाजिक न्यायपरक लैगिंक सन्तुलित लागनी गर्नु ।
   ङ. रोजगारीको अवसर सृजना गरी गरिबी न्यूनीकरण गर्नु ।
   च. समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी संस्थागत क्षमता अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्नु ।

८. **"विविधतायुक्त गाउँशहर समृद्ध मेरो व्यास नगर"** भन्ने नगरपालिकाको दीर्घकालीन सोचलाई सार्थक तुल्याउन नगरपालिका निर्माणको अग्रणी आधार, कृषि, पर्यटन, शिक्षा, सिर्जनात्मक मानव पूँजी निर्माण तथा विकास र सुशासन हुन् भन्ने विश्वासका साथ यस अधिका बजेटहरु जस्तै यस पटक पनि ती प्राथमिकताहरुका साथ साथै स्वास्थ्य क्षेत्रको विकासमा आगामी आर्थिक वर्षको बजेटमा निम्न क्षेत्रका लगानीलाई प्रमुख प्राथमिकता दिइएको छ ।
   क. सडक, खानेपानी, खेलकूद मैदान, कार्यालय भवन, पार्क निर्माण लगायतका पूर्वाधारको विकास ।
   ख. कृषि क्षेत्रको जैविक तथा आधुनिकीकरणमा विकास ।
   ग. पर्यटन क्षेत्रको एकीकृत विकास ।
   घ. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूति ।
   ङ. उत्पादनमूलक उद्योगमैत्री कार्यक्रम ।
   च. मानव संशाधनको विकास र सुशासनको प्रत्याभूति ।

आर्थिक वर्ष २०७६/०७७ को यथार्थ आयव्यय, चालु वर्ष २०७७/०७८ को संशोधित आयव्यय बजेट र आगामी आर्थिक वर्ष २०७८/०७९ को अनुमानित आयव्यय बजेट, खर्चको स्थिति प्रस्तुत गरिएको छ ।

९. आर्थिक वर्ष २०७६/०७७ को यथार्थ आयमा आन्तरिक श्रोतबाट रु.११ करोड २५ लाख ४ हजार ९ सय ८८ रुपैयाँ, संघीय सरकारबाट प्राप्त अनुदान रकम रु.१ अरब ४ करोड ८० लाख ४५ हजार ३ सय ४७ रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु.२ करोड ८४ लाख ५० हजार रुपैयाँ, अन्य निकायबाट प्राप्त रकम रु.६ करोड ४ लाख ४७ हजार ६ सय ७५ रुपैयाँ, जनसहभागिता नगद र संचित कोषमा अघिल्लो वर्षको अल्या रकम रु.१२ करोड ८७ लाख ९२ हजार २ सय ९४ रुपैयाँ गरी जम्मा आय रु.१ अरब ३७ करोड ८२ लाख ४० हजार ३ सय ४ रुपैयाँ रहेको छ भने खर्च तर्फ चालु खर्च रु.७९ करोड ७३ लाख ७४ हजार १ सय ४४ रुपैयाँ, पूँजीगत खर्च रु.४० करोड ३५ लाख ४६ हजार ४ सय २६ रुपैयाँ र संचित कोषमा फिर्ता खर्च समेत रहेको रकम रु.१७ करोड ९३ लाख १९ हजार ७ सय ३४ रुपैयाँ गरी जम्मा रु.१ अरब ३७ करोड ८२ लाख ४० हजार ३ सय ४ रुपैयाँ खर्च रहेको थियो । जसको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

१०. चालु आर्थिक वर्ष २०७७/०७८ को जेठ मसान्तसम्म कुल यथार्थ आय रु.१ अरब ३५ करोड ९७ लाख ७ हजार ६ सय २१ रुपैयाँ र कुल व्यय रु.१ अरब १ करोड २० लाख ६३ हजार १ सय ६८ रुपैयाँ देखिएको छ । यस अघि २०७७ माघमा चौतीसौ नगर सभाबाट पारित चालु आर्थिक वर्ष २०७७/०७८ को संशोधित आय संघ सरकारबाट प्राप्त अनुदान रु.१ अरब ६ करोड ९३ लाख ७३ हजार २ सय रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु.३ करोड ५३ लाख ८७ हजार, आन्तरिक श्रोतबाट प्राप्त रकम रु.२० करोड ४७ लाख, अन्य आयबाट प्राप्त रकम रु.१० करोड ६२ लाख ८१ हजार, लागत सहभागिताबाट र अघिल्लो वर्षको अल्या गरी रु.१५ करोड ६९ लाख ७० हजार ८ सय रुपैयाँ गरी कुल रु.१ अरब ५७ करोड २७ लाख १२ हजार रुपैयाँ आय अनुमान रहेको छ भने संशोधित चालु खर्च अनुमान रु.९३ करोड ८५ लाख ५६ हजार ४ सय ५० रुपैयाँ र संशोधित पूँजीगत खर्च अनुमान रु.६३ करोड ४१ लाख ५५ हजार ५ सय ५० रुपैयाँ गरी जम्मा रु.१ अरब ५७ करोड २७ लाख १२ हजार रुपैयाँ संशोधित खर्च अनुमान गरिएको छ । जसको विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

**<u>आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम निम्नानुसार प्रस्ताव गरिएको छ ।</u>**

११. यस वर्ष पनि कोरोना भाइरसका कारणले राजश्व संकलन, अनुदान प्राप्त अवस्था सन्तोषजनक नभएकोले विकास आयोजनाहरुमा गति लिन नसक्दा यसवर्ष सम्झौता भइसकेका तर सम्पन्न हुन नसकेका नगरवासीको भावना र सरोकारसँग जोडिएका योजनाहरुमा सम्झौता भएका चालु अवस्थामा रहेका अधुरा योजनाहरु र निरन्तर क्रमागत योजनाहरुमा रु.१० करोड विनियोजन गरिएको छ ।

१२. आ.व. २०७८।०७९ का लागि क्षेत्रगत रुपमा -आर्थिक विकास तर्फ रु.१० करोड ११ लाख ९६ हजार, सामाजिक विकास तर्फ रु.९३ करोड १७ लाख ७५ हजार, पूर्वाधार विकास तर्फ रु.४५ करोड ३८ लाख २५ हजार, वातावरण तथा विपद व्यवस्थापन तर्फ रु.४ करोड ६६ लाख ५० हजार, संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ रु.२ करोड ५४ लाख ६६ हजार समेत जम्मा रु.१ अरब ७७ करोड ८९ लाख १२ हजार बजेट विनियोजन गरेको छु, जसु अनुसार आर्थिक विकासमा ५.६९ प्रतिशत, सामाजिक विकासमा ५२.३८ प्रतिशत, पूर्वाधार विकासमा २५.५१ प्रतिशत, वातावरण तथा विपद् यवस्थापनमा २.६२ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ १३.८० प्रतिशत विनियोजन भएको छ । विस्तृत बजेटको शीर्षकगत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

१३. आ.व.२०७८।०७९ का लागि विनियोजित बजेट रकम मध्ये चालु खर्च तर्फ रु.१ अरब २ करोड ८७ लाख १२ हजार विनियोजन गरिएको छ, जुन कुल बजेटको ५७.८३ प्रतिशत हुन आउँछ भने पूँजीगत तर्फ रु.७५ करोड २ लाख विनियोजन गरिएको छ, जुन कुल बजेटको ४२.१७ प्रतिशत हुन आउँछ ।

१४. माथि लेखिए बमोजिम खर्च व्यहोर्ने श्रोतका लागि तल लेखिए बमोजिम कुल रु.१ अरब ७७ करोड ८९ लाख १२ हजारको आय प्रस्ताव गरिएको छ ।

क. संघ सरकारको सशर्त अनुदान रु.५६ करोड १७ लाख रहेको छ।
ख. संघ सरकारको सामाजिक सुरक्षा अनुदान रु.२१ करोड रहेको छ।
ग. आन्तरिक श्रोतको आयबाट रु.२० करोड ५० लाख रहेको छ।
घ. संघ सरकारको वित्तीय समानिकरण अनुदान रु.१९ करोड ७६ लाख रहेका छ।
ङ. संचित कोष अल्याबाट रु.१५ करोड ३७ लाख १२ हजार रहेको छ।
च. संघ सरकारको राजश्व बाँडफाँडबाट रु.१२ करोड ९८ लाख ५१ हजार रहेको छ।
छ. राजश्व बाँडफाँड अन्तर्गत मालपोत रजिष्ट्रेशनबाट रु.१० करोड रहेको छ।
ज. नगर विकास कोष ऋणबाट रु.१० करोड रहेको छ।
झ. प्रदेश वित्तीय समानीकरण अनुदान रु.२ करोड ४४ लाख ७८ हजार रहेको छ।
ञ. प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु.१ करोड ७४ लाख ७५ हजार रहेको छ।
ट. गाउँ नगर साझेदारी कोषबाट रु.१ करोड ६५ लाख रहेको छ।
ठ. संघ विशेष अनुदान रु.१ करोड ३७ लाख रहेको छ।
ड. प्रदेशको विशेष अनुदान रु.१ करोड रहेको छ।
ढ. प्रदेशको सशर्त अनुदान रु.१ करोड रहेको छ।
ण. प्रदेशको समपुरक अनुदान रु.१ करोड रहेको छ।
त. संघ सरकारको सडक बोर्ड नेपालबाट रु.१ करोड रहेको छ।
थ. जनसहभागिता नगदबाट रु.६० लाख रहेको छ।
द. मूल्य श्रृंखला कार्यक्रम अनुदान रु.१५ लाख रहेको छ।
ध. संघ सरकारको गरिवसँग विश्वेश्वर कार्यक्रमबाट रु.५ लाख ४६ हजार रहेको छ।
न. संघ सरकारको रोयल्टी वापत प्राप्त अनुदान रु.६ लाख रहेको छ।
प. संघ सरकारको एल.जि.सि.डि.पि. कार्यक्रमबाट रु.३ लाख ५० हजार रहेको छ।

विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ।

आर्थिक वर्ष २०७८/०७९ को लागि राजश्वका संकलनका मुख्यमुख्य नीतिहरु प्रस्तुत गरिएको छ।

१५. व्यास नगरपालिका क्षेत्र भित्रको करको आधार फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकत्तम परिचालन गर्ने नीति लिइएको छ। कर तथा गैरकर राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन कानूनी तथा संस्थागत सुधार गरिने छ।

१६. सेवा शुल्क र दस्तुरका दर, व्यवसाय कर, सम्पत्ति कर एवं भूमि कर, घर नक्सा पास दस्तुर, खानीजन्य ढुंगा, गिटी, वालुवा, ग्राभेल, रोडा, स्लेट ढुंगा, खरी, चुनढुंगा, ब्लक, इट्टा, कटिङढुंगा, कवाडी सामान र काठ आदिमा लिइने दस्तुर यथावत राखी करको दायरा फराकिलो पारिने छ।

१७. कृषि व्यवसायसँग सम्बन्धित पुशपंक्षी, माछा, फलफूल, तरकारी, दुध आदिमा स्थानीय उत्पादनमा लाग्ने कर नलिने निर्णयलाई निरन्तरता दिइएको छ। साथै दुग्ध सहकारी मार्फत बिक्री हुने दुधमा प्रतिलिटर रु.१। र सहकारी मार्फत बिक्री हुने खसीबोकामा प्रति किलो रु.१०। सम्बन्धित किसानलाई अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

१८. कर तथा दस्तुरहरु नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा गण्डकी प्रदेश सरकारको कानूनसँग नबाझिने गरी प्रस्ताव गरिएको छ।

१९. कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०७८ यसै साथ प्रस्तुत गरेको छु। कर सम्बन्धी प्रस्ताव सम्वत् २०७८ श्रावण १ गतेबाट लागु हुने व्यवस्था मिलाइएको छ।

२०. बजेट तर्जुमाका लागि मार्ग दर्शन गर्नु हुने नगर प्रमुख, नगर कार्यपालिकाका सदस्य, नगरपालिका सल्लाहकार, राजनैतिक दल, नगर सभासद्, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण नगरपालिकाका कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज तथा पत्रकार

जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । यो बजेट कार्यान्वयन गर्नमा नेपाल सरकार, गण्डकी प्रदेश सरकार, व्यास नगरपालिकाका सबै शाखा र सम्पूर्ण नगरवासीको सहयोग प्राप्त हुने विश्वास लिइएको छ ।

## अनुसूची १
## आ.व.२०७६।०७७ को यथार्थ आयव्यय विवरण

**(क) आयतर्फ**

| संकेत नं. | आम्दानीका शीर्षकहरु | आ.व.२०७६।०७७ को यथार्थ |
|---|---|---|
| **१.** | **आन्तरिक राजश्व** | **११२,५०४,९८८।५६** |
| १.१ | स्थानीय कर | ५५,७२५,५१४।६२ |
| १.२ | शुल्क | १७,५८९,१९१।३५ |
| १.३ | दस्तुर | २२,३०९,४७२।२० |
| १.४ | दण्ड जरिवाना | ३००,८०८।०० |
| १.५ | अन्य | १६,५८०,००२।३९ |
| **२.** | **संघीय सरकारबाट प्राप्त अनुदान** | **१,०४८,०४५,३४६।९५** |
| २.१ | वित्तीय समानीकरण अनुदान | १९२,०००,०००।०० |
| २.२ | सशर्त अनुदान | ४९३,६७०,०००।०० |
| २.३ | समपुरक अनुदान | २०,०००,०००।०० |
| २.४ | राजश्व बाँडफाँड | ९९,४०५,२५१।९५ |
| २.५ | सडक बोर्ड नेपाल | १,८००,०००।०० |
| २.६ | सामाजिक सुरक्षा अनुदान | २००,८१५,५००।०० |
| २.७ | संस्कृति पर्यटन अनुदान | ६,१८०,९७८।०० |
| २.८ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | २०,५००,०००।०० |
| २.९ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण | ८०९,४३७।०० |
| २.१० | जेष्ठ नागरिक कार्यक्रम | ७००,०००।०० |
| २.११ | एल.जि.सि.डि.पि. | २७९,९३०।०० |
| २.१२ | गरिबसँग विश्वेश्वर | ४२०,२५०।०० |
| २.१३ | स्वास्थ्य संस्था भवन निर्माण अनुदान | ११,४६४,०००।०० |
| **३.** | **गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान** | **२८,४५०,०००।००** |
| ३.१ | वित्तीय समानीकरण अनुदान | १३,२३१,०००।०० |
| ३.२ | राजश्व बाँडफाड | १०,२१९,०००।०० |
| ३.३ | सशर्त अनुदान | ५,०००,०००।०० |
| **४.** | **अन्य निकायबाट प्राप्त** | **६०,४४७,६७५।३९** |
| ४.१ | कृषि सम्बन्धी कार्यक्रम (मूल्य श्रृखला) | ९००,०००।०० |
| ४.२ | अन्य विविध आय | ५,९७०,०००।०० |
| ४.३ | मालपोतबाट रजिष्ट्रेशन शुल्क | ५०,५७७,६७५।३९ |
| ४.४ | जिल्ला समन्वय समिति मौज्दात बांकी अनुदान | ३,०००,०००।०० |
| **५.** | **अन्य** | **१२८,७९२,२९४।००** |
| **५.१** | जनसहभागिता नगद | ७,८८०,४६९।०० |
| **५.२** | संचित कोष अल्या (बैंक मौज्दात) | १२०,९११,८२५।०० |
| | **कुल जम्मा** | **१,३७८,२४०,३०४।९०** |

(ख) व्ययतर्फ

| संकेत नं. | खर्चका शीर्षकहरु | आ.व.२०७६।०७७ को यथार्थ |
|---|---|---|
| **१. चालु खर्च** | | |
| १.१ | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | २०,८१९,१२९।०० |
| १.२ | कर्मचारी पारिश्रमिक तथा सुविधा | ७२,४७५,७४०।४९ |
| १.३ | कार्यालय संचालन सम्बन्धी खर्च | ९,०६१,१२४।०५ |
| १.४ | मर्मत सम्भार खर्च | ६,००१,८२२।४३ |
| १.५ | कार्यक्रम खर्च | ६७०,३९०,७६७।५२ |
| १.६ | अन्य विविध खर्च | १८,६२५,५६०।६९ |
| | **जम्मा** | **७९७,३७४,१४४।१८** |
| **२. पूँजीगत खर्च** | | |
| २.१ | न.पा. ऋणको साँवा भुक्तानी | ५,०००,०००।०० |
| २.२ | न.पा. कार्यालय भवन मर्मत | ५०८,८६०।०० |
| २.३ | वडा कार्यालय फर्निचर खरिद | २,३८४,७८३।५० |
| २.४ | कार्यालय फर्निचर खरिद | ९८५,६२५।४५ |
| २.५ | मेशिनरी औजार (ल्यापट, कम्प्युटर लगायत) | १,५२३,५९०।०० |
| २.६ | सार्वजनिक जग्गा संरक्षण | ९०,०००।०० |
| २.७ | सशर्त अनुदान तर्फको पुंजीगत योजनाहरु | ३७,०६८,८१९।०० |
| २.८ | अन्य अनुदान तर्फको पुंजीगत योजनाहरु | ३५५,९८४,७४७।८४ |
| | **जम्मा** | **४०३,५४६,४२५।७९** |
| | **चालु र पूँजीगत जम्मा** | **१,२००,९२०,५६९।९७** |

## अनूसुची २
## आ.व.२०७७।०७८ को जेठ मसान्तसम्मको यथार्थ आयव्यय विवरण

(क) आयतर्फ

| क्र.सं. | आम्दानीका शीर्षकहरु | आ.व.२०७७।०७८ अनुमान | आ.व.२०७७।०७८ को जेठसम्मको यथार्थ |
|---|---|---|---|
| १. | आन्तरिक राजश्व | २०४,७००,०००।०० | १३२,८६६,५७४।०० |
| २. | संघीय सरकारबाट प्राप्त अनुदान | १,०६९,३७३,२००।०० | १,००३,२८९,०२४।४१ |
| ३. | प्रदेश सरकारबाट प्राप्त अनुदान | ३५,३८७,०००।०० | ३४,५७९,०००।०० |
| ४. | अन्य निकायबाट | १०६,२८१,०००।०० | ३५,५२२,६४८।०० |
| ५. | संचित कोष अल्या र लागत सहभागिता | १५६,९७०,८००।०० | १५३,४५०,३७५।०० |
| | जम्मा | १,५७२,७१२,०००।०० | १,३५९,७०७,६२१।४१ |

(ख) खर्चतर्फ

| क्र.सं. | खर्चका शीर्षकहरु | आ.व.२०७७।०७८ को अनुमान | आ.व.२०७७।०७८ को जेठसम्मको यथार्थ खर्च |
|---|---|---|---|
| १.१ | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | २४,१६१,०००।० | १७,६११,५७८।० |
| १.२ | कर्मचारी पारिश्रमिक तथा सुविधा | ८४,४२६,०००।० | ६९,२२३,३८५।८ |
| १.३ | कार्यालय संचालन सम्बन्धी खर्च | १६,६५०,०००।० | ११,६३०,०९६।५ |
| १.४ | मर्मत सम्भार | ५,२००,०००।० | ३,५६४,४१४।९ |
| १.५ | कार्यक्रम खर्च (सशर्त समेत) | ७८०,८९०,४५०।० | ५६९,१७०,६०५।८ |

| | | | |
|---|---|---|---|
| १.६ | अन्य विविध खर्च | २७,२२९,०००।० | १५,५०५,२६२।९ |
| | **चाल खर्चको जम्मा** | **९३८,५५६,४५०।००** | **६८६,७०५,३४३।९०** |
| २.१ | सार्वजनिक निर्माण (पूँजीगत खर्चतर्फ) | **६३४,१५५,५५०।०** | **३२५,३५७,८२४।५५** |
| | **कुल चालु र पूँजीगत खर्चको जम्मा** | **१,५७२,७१२,०००।००** | **१,०१२,०६३,१६८।४५** |

## अनुसूची ३
## आ.व.२०७८।०७९ को अनुमानित व्यय विवरण

| सि.नं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | वडा नं. | ०७८।०७९ अनुमान |
|---|---|---|---|
| १ | पदाधिकारीहरुको विभिन्न सुविधा | | १५,९९०,०००।० |
| २ | बिमा (पदाधिकारी) | | ७२०,०००।० |
| ३ | कार्यपालिका बैठक | | ९००,०००।० |
| ४ | वडा समिति बैठक | | ३,५२८,०००।० |
| ५ | अन्य समिति बैठक भत्ता | | १,२००,०००।० |
| ६ | जनप्रतिनिधि दैनिक भ्रमण भत्ता | | १,०००,०००।० |
| ७ | स्थायी कर्मचारी | | ४०,७०३,०००।० |
| ८ | करार सेवा शुल्क (कर्मचारी) | | ३७,९२१,०००।० |
| ९ | बिमा (कर्मचारी) | | ४००,०००।० |
| १० | महंगी भत्ता | | ३,१०४,०००।० |
| ११ | अन्य भत्ता | | १,०००,०००।० |
| १२ | पोशाक भत्ता | | २,५००,०००।० |
| १३ | दैनिक भ्रमण भत्ता (कर्मचारी) | | १,५००,०००।० |
| १४ | अनुगमन, मूल्यांकन (कर्मचारी) | | ५००,०००।० |
| १५ | कर्मचारी प्रोत्साहन भत्ता | | २,४००,०००।० |
| १६ | कर्मचारी कल्याण कोष | | ६,०००,०००।० |
| १७ | पानी तथा विजुली | | १,५००,०००।० |
| १८ | संचार महशुल | | ७००,०००।० |
| १९ | सेवा अन्य | | १,५००,०००।० |
| २० | स्टेशनरी | | १,२००,०००।० |
| २१ | छपाई | | १,८००,०००।० |
| २२ | घर भाडा | | १,१५०,०००।० |
| २३ | पत्र पत्रिका पुस्तक | | ३००,०००।० |
| २४ | कार्यालय संचालन तथा मसलन्द | | २,२००,०००।० |
| २५ | सवारी साधन बिमा तथा नवीकरण | | १,०००,०००।० |
| २६ | सवारी साधन मर्मत सम्भार | | ५,०००,०००।० |
| २७ | मेशिनरी तथा औजार मर्मत संचालन | | १,२००,०००।० |
| २८ | सवारी साधन इन्धन (कार्यालय प्रयोजन) | | ५,०००,०००।० |
| २९ | लेखा व्यवस्थापन एवं लेखा सम्बन्धी जानकारी | | ४००,०००।० |
| ३० | राजश्व सुधार एवं अध्ययन | | १,०००,०००।० |
| ३१ | संचार माध्यम (गतिविधि प्रकाशन प्रशारण समेत) | | १,३००,०००।० |
| ३२ | फोहोर मैला व्यवस्थापन (सरसफाई सामग्री खरिद समेत) | | १,२००,०००।० |

| | | | |
|---|---|---|---|
| ३३ | फूलवारी तथा गमला निर्माण | | ३००,०००।० |
| ३४ | आन्तरिक तथा बाह्य भ्रमण व्यवस्थापन | | १,०००,०००।० |
| ३५ | न.पा. ऋणको साँवा व्याज भुक्तानी | | १०,०००,०००।० |
| ३६ | कार्यालय संचालन विविध | | ३,५००,०००।० |
| ३७ | नगर सभा संचालन | | १,०००,०००।० |
| ३८ | वडा व्यवस्थापन खर्च | | २,८००,०००।० |
| ३९ | असहाय तथा राहत कोष (किड्नी बिरामी, डाइलासिस केन्द्र मर्मत समेत) | | ४,०००,०००।० |
| ४० | सदस्यता शुल्क | | ३००,०००।० |
| ४१ | पुरस्कार | | ३००,०००।० |
| ४२ | विविध फुटकर कार्यक्रमहरु (बोर्डबाट निर्णय चालु प्रकृतिका) | | १,०००,०००।० |
| ४३ | खप्ने माल सामान | | ६००,०००।० |
| ४४ | मल, बिउ, फलफूलका बिरुवा खरिद | १ | २००,०००।०० |
| ४५ | युवा तथा महिलाहरुलाई सिप तथा क्षमता विकास एवं टोल, महिला संस्था र अन्य संघ संस्थाका पदाधिकारी अध्ययन भ्रमण | १ | ५००,०००।०० |
| ४६ | वडाका बाटो र नाला सफाई | १ | ४००,०००।०० |
| ४७ | धार्मिक, सांस्कृतिक एवं खेलकुद क्षेत्रमा सहयोग | १ | ३००,०००।०० |
| ४८ | शिक्षा, स्वास्थ्य, कृषि र टोल विकास संस्था समन्वय बैठक | १ | ३००,०००।०० |
| ४९ | विपद् व्यवस्थापन | १ | ६००,०००।०० |
| ५० | महिला, युवा सिप एवं नेतृत्व विकास | २ | ५००,०००।०० |
| ५१ | वडामा भएका बाटो र नाला सफाई | २ | ४००,०००।०० |
| ५२ | शिक्षा/स्वास्थ्य/कृषि/टोल विकास समन्वय बैठक | २ | ३००,०००।०० |
| ५३ | वडागत धार्मिक, साँस्कृतिक, खेलकुद क्षेत्रमा सहयोग | २ | ३००,०००।०० |
| ५४ | विपद् व्यवस्थापन | २ | ६००,०००।०० |
| ५५ | सेभेन ए साइड ग्रास रुट फेस्टिभल | ३ | २००,०००।०० |
| ५६ | व्यास नगर आमा समूहको सिपमूलक तालिमको लागि | ३ | १००,०००।०० |
| ५७ | वडाभरका बाटो र नाला सरसफाई | ३ | ४००,०००।०० |
| ५८ | शिक्षा /स्वास्थ्य /कृषि/टोल संस्था समन्वय बैठक | ३ | ३००,०००।०० |
| ५९ | व्यास युवा समाजको रक्तदान लगायतका योजना | ३ | १००,०००।०० |
| ६० | विपद कोष | ३ | ३००,०००।०० |
| ६१ | वडा भर सडकमा क्याट आई राख्ने योजना | ३ | २५०,०००।०० |
| ६२ | वडा भर अग्नि नियन्त्रक (फाएर एक्सटिङगुसर) राख्ने | ३ | २००,०००।०० |
| ६३ | कौसी खेती तालिम तथा सामान खरिद | ४ | १,०००,०००।०० |
| ६४ | विपद व्यवस्थापन सामग्री खरिद | ४ | १००,०००।०० |
| ६५ | नेत्तृत्व विकास कार्यक्रम | ४ | ५००,०००।०० |
| ६६ | वडा गत धार्मिक/सांस्कृतिक | ४ | ३००,०००।०० |
| ६७ | शिक्षा, स्वास्थ्य, कृषि र टोल वि.संस्था समन्वय बैठक/अवलोकन भ्रमण | ४ | ३००,०००।०० |
| ६८ | वडा स्तरीय खेलकुद योजना | ५ | ५००,०००।०० |
| ६९ | कृषि प्रवद्धन | ५ | १,०००,०००।०० |
| ७० | शिक्षा तर्फ | ५ | १,०००,०००।०० |

| | | | |
|---|---|---|---|
| ७१ | महिला, युवा सिप एवं नेतृत्व विकास | ५ | ५००,०००।०० |
| ७२ | वडामा भएका बाटो र नाला सफाई | ५ | ४००,०००।०० |
| ७३ | शिक्षा/स्वास्थ्य/कृषि/टोल संस्था समन्वय बैठक | ५ | ३००,०००।०० |
| ७४ | वडागत/धार्मिक/सांस्कृतिक/खेलकुद क्षेत्रमा सहयोग | ५ | ३००,०००।०० |
| ७५ | विपद व्यवस्थापन समेत | ५ | ६००,०००।०० |
| ७६ | कृषि तथा भेटेरेनरी प्रर्वद्धन तर्फ | ६ | ५००,०००।०० |
| ७७ | महिला, युवा सिप एव नेतृत्व विकास | ६ | ५००,०००।०० |
| ७८ | वडामा भएका बाटो तथा नाला सरसफाई | ६ | ४००,०००।०० |
| ७९ | शिक्षा, स्वास्थ्य, कृषि, टोल संस्था समन्वय बैठक | ६ | ३००,०००।०० |
| ८० | वडागत धार्मिक साँस्कृतिक खेलकुद क्षेत्रमा सहयोग | ६ | ३००,०००।०० |
| ८१ | विपद व्यवस्थापन समेत | ६ | ६००,०००।०० |
| ८२ | उन्नत जातको ब्याड बोयर बोका वितरण कार्यक्रम | ७ | १५०,०००।०० |
| ८३ | आधारभुत तहमा अध्यायन गर्ने विद्यार्थीहरुलाई न्यानो कपडा वितरण | ७ | १५०,०००।०० |
| ८४ | पशुपक्षी औषधी खरिद | ७ | १००,०००।०० |
| ८५ | महिला, युवा सिप एवं नेतृत्व विकास | ७ | ३००,०००।०० |
| ८६ | वडामा भएको बाटो र नाला सरसफाई | ७ | ४००,०००।०० |
| ८७ | शिक्षा, स्वास्थ्य, कृषि, टोल संस्था समन्वय बैठक | ७ | ३००,०००।०० |
| ८८ | वडागत धार्मिक, साँस्कृतिक, खेलकुद क्षेत्रमा सहयोग | ७ | ३००,०००।०० |
| ८९ | विपद व्यवस्थापन समेत | ७ | ४००,०००।०० |
| ९० | महिला युवा सिप एवं नेतृत्व विकास अन्तर्गत उद्यमी व्यवसायी प्रोत्साहन | ८ | २००,०००।०० |
| ९१ | प्लम्बर/इलेक्ट्रोनिक तालिम | ८ | ३००,०००।०० |
| ९२ | वडामा भएका बाटो र नाला सरसफाई | ८ | ४००,०००।०० |
| ९३ | टोल समन्वय बैठक | ८ | १००,०००।०० |
| ९४ | स्वास्थ्य चौकी व्यवस्थापन | ८ | २००,०००।०० |
| ९५ | खेलकुद सामग्री | ८ | १००,०००।०० |
| ९६ | विपद व्यवस्थापन समेत | ८ | ६००,०००।०० |
| ९७ | शूभदिप महिला उद्यमी सहकारी मल र बिउ खरिद | ८ | १००,०००।०० |
| ९८ | बर्लाची कृषि सहकारी मल र बिउ खरिद | ८ | १००,०००।०० |
| ९९ | बखान सा.उ.म. सहकारी मल र बिउ खरिद | ८ | १००,०००।०० |
| १०० | पशु औषधी खरिद | ८ | १००,०००।०० |
| १०१ | कृषि उपकरण तथा फलफूलका विरुवा खरिद | ८ | ३००,०००।०० |
| १०२ | कलेस्ती उपत्यका महिला संजाल | ९ | २५०,०००।०० |
| १०३ | पशु औषधी खरिद | ९ | १००,०००।०० |
| १०४ | महिला, युवा सिप एवं नेतृत्व विकास | ९ | ५००,०००।०० |
| १०५ | वडामा भएका बाटो र नाला सफाई | ९ | ४००,०००।०० |
| १०६ | शिक्षा, स्वास्थ्य,कृषि,टोल संस्था समन्वय बैठक | ९ | ३००,०००।०० |
| १०७ | वडागत धार्मिक, साँस्कृतिक, खेलकुद क्षेत्रमा सहयोग | ९ | ३००,०००।०० |
| १०८ | विपद व्यावस्थापन समेत | ९ | ६००,०००।०० |
| १०९ | विद्यालयहरुको शैक्षिक एवं भौतिक सुधार | १० | १,०००,०००।०० |

| | | | |
|---|---|---|---|
| ११० | पशुपक्षी औषधी खरिद | १० | १००,०००।०० |
| १११ | कृषि टनेल प्लास्टिक खरिद तथा वितरण | १० | १००,०००।०० |
| ११२ | गोला सहित मौरी घार खरिद तथा वितरण | १० | १००,०००।०० |
| ११३ | बोयर बोका खरिद तथा वितरण | १० | २५०,०००।०० |
| ११४ | हिउँदे तथा वर्षे घाँसको विउ खरिद तथा वितरण | १० | १००,०००।०० |
| ११५ | आलु तथा अन्य तरकारी बिउ खरिद तथा वितरण | १० | १००,०००।०० |
| ११६ | कृषि तथा पशु सम्बन्धी तालिम | १० | १००,०००।०० |
| ११७ | अगुवा कृषक अवलोकन भ्रमण | १० | ७५,०००।०० |
| ११८ | माछा भुरा खरिद तथा वितरण | १० | ७५,०००।०० |
| ११९ | महिला, युवा सिप एवं नेतृत्व विकास | १० | ५००,०००।०० |
| १२० | वडामा भएको बाटो र नाला सरसफाई | १० | ४००,०००।०० |
| १२१ | शिक्षा, स्वास्थ्य, कृषि, टोल संस्था समन्वय बैठक | १० | ३००,०००।०० |
| १२२ | वडागत धार्मिक, साँस्कृतिक, खेलकुद क्षेत्रमा सहयोग | १० | ३००,०००।०० |
| १२३ | विपद व्यवस्थापन समेत | १० | ६००,०००।०० |
| १२४ | स्वास्थ्य केन्द्र औषधि एवं उपकरण खरिद | ११ | २००,०००।०० |
| १२५ | कृषि तर्फ | ११ | ८००,०००।०० |
| १२६ | शिक्षा तर्फ | ११ | ४००,०००।०० |
| १२७ | सुत्केरी महिला पोषण भत्ता | ११ | ४००,०००।०० |
| १२८ | वडामा भएका बाटाहरुको नाला सफाई | ११ | ३००,०००।०० |
| १२९ | शिक्षा, स्वास्थ्य, कृषि, टोल समन्वय बैठक | ११ | १००,०००।०० |
| १३० | धार्मिक संस्कृति खेलकुद | ११ | २००,०००।०० |
| १३१ | विपद व्यवस्थापन | ११ | ४००,०००।०० |
| १३२ | कृषि तथा पशु बिउ बिजन तथा औषधी खरिद | १२ | २००,०००।०० |
| १३३ | वि.पी. प्रा.वि शैक्षिक स्तरोन्नति | १२ | १००,०००।०० |
| १३४ | कर्लुङ प्रा.वि शैक्षिक स्तरोन्नति | १२ | १००,०००।०० |
| १३५ | दलित महिला, युवा सिप एवं नेतृत्व विकास | १२ | ५००,०००।०० |
| १३६ | वडामा भएका बाटो र नाला सफाई | १२ | ४००,०००।०० |
| १३७ | शिक्षा/स्वास्थ्य/कृषि/टोल विकास समन्वय बैठक | १२ | ३००,०००।०० |
| १३८ | वडागत धार्मिक, साँस्कृतिक, खेलकुद क्षेत्रमा सहयोग | १२ | ३००,०००।०० |
| १३९ | विपद् व्यवस्थापन | १२ | ६००,०००।०० |
| १४० | विद्यालयहरुको शैक्षिक गुणस्तर तथा भौतिक पूर्वाधार निर्माण | १३ | १,०००,०००।०० |
| १४१ | महिला, युवा सिप एवं नेतृत्व विकास | १३ | ३००,०००।०० |
| १४२ | वडामा भएका बाटो र नाला सरसफाई | १३ | ४००,०००।०० |
| १४३ | शिक्षा/स्वास्थ्य/कृषि र टोल विकास सस्थाको समन्वय | १३ | ३००,०००।०० |
| १४४ | वडामा आइपर्ने विपद व्यवस्थापन | १३ | ६००,०००।०० |
| १४५ | ७५ प्रतिशत अनुदानमा उन्नत जातको बोयर बोका खरिद | १४ | २००,०००।०० |
| १४६ | ५० प्रतिशत अनुदानमा फलफूलको विरुवा खरिद | १४ | ७५,०००।०० |
| १४७ | ७५ प्रतिशत अनुदानमा वर्षेधानको बिउ खरिद | १४ | ७५,०००।०० |
| १४८ | कृषक तालिम २ वटा | १४ | १००,०००।०० |
| १४९ | प्र.अ.वि.व्या.स. शिक्षक समेत अन्तरक्रिया | १४ | १५०,०००।०० |
| १५० | व्यास नगर समता आवासीय विद्याय सञ्चालन | | १०,०००,०००।० |

| | | | |
|---|---|---|---|
| १५१ | बाल शिक्षा लगायत विद्यालय व्यवस्थापन सहजीकरण | | ८,०००,०००।० |
| १५२ | अभिभावक जागरण सचेतना अभिमूखीकरण कार्यक्रम | | ७००,०००।० |
| १५३ | बालमैत्री नगरपालिका व्यवस्थापन | | २,०००,०००।० |
| १५४ | मदर्शा शिक्षा व्यवस्थापन अनुदान | | ७००,०००।० |
| १५५ | गुरुकुल शिक्षा व्यवस्थापन अनुदान | | ७००,०००।० |
| १५६ | उच्च शिक्षा अध्ययन/अनुसन्धान अनुदान | | २,०००,०००।० |
| १५७ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन | | ६००,०००।० |
| १५८ | मेयर, उपमेयर कप अन्तर मा.वि. छात्रछात्रा खेलकुद प्रतियोगिता | | ५००,०००।० |
| १५९ | वैकल्पिक शिक्षाका लागि Room to Read कार्यक्रम अन्तर्गत सहयो | | १५०,०००।० |
| १६० | निवृत्तीभरण प्राप्त भई ३० वर्ष सेवा पुगेका शिक्षक अवकास | | २,५००,०००।० |
| १६१ | गोष्ठी, सम्मान, शिक्षक अनुभव आदान प्रदान बैठक समेत | | १,०००,०००।० |
| १६२ | माध्यमिक विद्यालय स्तरीय विद्यार्थी उत्कृष्ट प्रतिभा पुरस्कार | | १५०,०००।० |
| १६३ | खेलकुद सामग्री खरिद | | १,५००,०००।० |
| १६४ | म्याराथन प्रतियोगिता सञ्चालन | | २,२००,०००।० |
| १६५ | खेलकुद विकास समिति विविध कार्यक्रम | | ५००,०००।० |
| १६६ | अपाङ्गता सहयोग (दृष्टिविहिन, सुस्त, बहिरा समेत) | | १,०००,०००।० |
| १६७ | अपाङ्गता प्रोत्साहन सहयोग कार्यक्रम | | ८००,०००।० |
| १६८ | जेष्ठ नागरिक सम्मान, दिवा सेवा केन्द्र सञ्चालन | | १,५००,०००।० |
| १६९ | गर्ववती महिला पोषण कार्यक्रम (महिलासँग उपमेयर) | | ६००,०००।० |
| १७० | बीस वर्ष पुगेपछि विवाह गर्ने दलित, बोटे, चेपाङ कुमाल दरै सहयोग | | २००,०००।० |
| १७१ | लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान | | १५०,०००।० |
| १७२ | राष्ट्रिय अन्तरार्ष्टिय महिला अधिकार दिवस | | १००,०००।० |
| १७३ | अपाङ्गता, जेष्ठ नागरिक, अन्तरार्ष्टिय बाल दिवस व्यवस्थापन | | २५०,०००।० |
| १७४ | लैङ्गिक हिंसा निवारण कोष | | १००,०००।० |
| १७५ | संकटमा परेका महिलालाई मनो विमर्स सेवा | | २००,०००।० |
| १७६ | अपाङ्गता, महिला जेष्ठ नागरिक हिंसा विरुद्ध प्रचार प्रसार | | २००,०००।० |
| १७७ | बैठक कार्यक्रम सञ्चालन सहजीकरण | | १००,०००।० |
| १७८ | महिलाहरुको सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रम | | १,५००,०००।० |
| १७९ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण कार्यक्रम | | ७००,०००।० |
| १८० | कोभिड १९ रोकथाम, नियन्त्रण प्रयोगशाला सञ्चालन | | १२,५००,०००।० |
| १८१ | आयुर्वेद चिकित्सालय सेवा प्रवर्द्धन विस्तार | | १,०००,०००।० |
| १८२ | स्वास्थय संस्था सञ्चालन विविध कार्यक्रम | | २,५००,०००।० |
| १८३ | महिला स्वास्थ्य स्वयसेविकाहरुको सम्मान एवं सहयोग | | १००,०००।० |
| १८४ | सहकारी मार्फत बिक्री हुने दुधमा अनुदान | | १,५००,०००।० |
| १८५ | सहकारी मार्फत बिक्री हुने खसी/बोका मासुमा अनुदान | | ५००,०००।० |
| १८६ | गोवर्धन शर्मा कृषि अध्ययन अनुसन्धान कार्यक्रम | | १,०००,०००।० |
| १८७ | गाई, भैंसी, बाखा, बंगुर प्रवर्द्धनमा ५० प्रतिशत अनुदान | | २,०००,०००।० |
| १८८ | धान, मकैको बिउ बिजन वितरण ५० प्रतिशत अनुदान | | २,०००,०००।० |
| १८९ | आलु, लसुन, व्याज पकेट क्षेत्र बिउ ५० प्रतिशत अनुदान | | १,०००,०००।० |
| १९० | वैदेशिक रोजगारीबाट फर्केका उद्यमी कृषकलाई अनुदान | | २,०००,०००।० |

| | | | |
|---|---|---|---|
| १९१ | तरकारी फलफूल मूल्य श्रृखला कार्यक्रम (सशर्त) | | १,५००,०००।० |
| १९२ | पशुजन्य विभिन्न रोग नियन्त्रण, औषधी खरिद | | ५००,०००।० |
| १९३ | कृषि र पशु उपशाखा बैठक तथा कार्यक्रम | | २००,०००।० |
| १९४ | युवा उद्यमशीलता विकास एवं सहयोग कार्यक्रम | | ४,०००,०००।० |
| १९५ | स्नातक वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रम | | १,५००,०००।० |
| १९६ | अन्य विविध बैठक उद्योगी व्यवसायी अन्तरकृया कार्यक्रम समेत | | ३००,०००।० |
| १९७ | सहकारी प्रवर्द्धन कार्यक्रम | | १,०००,०००।० |
| १९८ | दलित परम्परागत पेशा आधुनिकीकरण सहयोग | | १,०००,०००।० |
| १९९ | दलित उत्थान एवं प्रवर्द्धन कार्यक्रम | | ४००,०००।० |
| २०० | विपद व्यवस्थापन नगरस्तरीय | | १०,०००,०००।० |
| २०१ | गौ संरक्षण केन्द्र व्यवस्थापन | | १,०००,०००।० |
| २०२ | वातावरण तथा सरसफाई सम्बन्धी प्लाष्टिक संकलन अभियान | | २,५००,०००।० |
| २०३ | भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासी जग्गा दर्ता | | २,०००,०००।० |
| २०४ | नदी खोला मापदण्ड निर्धारण संरक्षण | | १,०००,०००।० |
| २०५ | युवा परिषद् परिचालन, युवा उत्प्रेरणा कार्यक्रम | | ८००,०००।० |
| २०६ | मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च सहयोग कार्यक्रम | | १,५००,०००।० |
| २०७ | विभिन्न भाषा, साहित्य, कला संरक्षण प्रवर्द्धन कार्यक्रम | | १,५००,०००।० |
| २०८ | व्यास २ र १ जोड्ने करंकाठ बसपार्क बुल्दी पुल निर्माण डि.पि.आर तयार | | ५००,०००।० |
| २०९ | पोल्याङमा प्रस्तावित अस्पतालको डि.पि.आर. तयार | | ५००,०००।० |
| २१० | मध्यकालीन खर्च संरचना निर्माण एवं प्रशासन | | ५००,०००।० |
| २११ | सामाजिक सुरक्षा भत्ता | | २१०,०००,०००।० |
| २१२ | गरिवसँग विश्वेश्वर कार्यक्रम | | ५४६,०००।० |
| २१३ | सेवा परामर्श खर्च | | ३,०००,०००।० |
| २१४ | एल.जि.सि.डि.पि. कार्यक्रम | | ३५०,०००।० |
| २१५ | नगरपालिका साझेदारी कोष | | १६,५००,०००।० |
| २१६ | घर नक्सापास सम्बन्धी डिजिटलाइज कार्यक्रम समेत | | १,५००,०००।० |
| २१७ | न्याकिय समिति विविध कार्यक्रम | | १,०००,०००।० |
| २१८ | रोजगार प्रवर्द्धन कार्यक्रम | | ६,१००,०००।० |
| २१९ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | | २४४,६००,०००।० |
| २२० | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान | | ७३,४००,०००।० |
| २२१ | विद्यालय क्षेत्र विकास कार्यक्रम | | ८२,५००,०००।० |
| २२२ | युवा रोजगारीका लागि रुपान्तरण पहल योजना | | ४,८००,०००।० |
| २२३ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण | | २,१००,०००।० |
| २२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | १,८००,०००।० |
| २२५ | लघु उद्यम विकास कार्यक्रम | | ३,८००,०००।० |
| २२६ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | | १००,०००।० |
| २२७ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | | ४००,०००।० |
| २२८ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | | ३,२००,०००।० |

| | | | |
|---|---|---|---|
| २२९ | कषि विभाग (धान उत्पादन, विउ र अनुगमन समेत) | | ४,६००,०००।० |
| २३० | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | | ५००,०००।० |
| २३१ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | | २००,०००।० |
| २३२ | पशु सेवा विभाग (कृतिम गर्भाधान, दुध मिसन आदि) | | २,४००,०००।० |
| २३३ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षा | | २००,०००।० |
| २३४ | परिवार कल्याण कार्यक्रम | | ६,८००,०००।० |
| २३५ | विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम | | १००,०००।० |
| २३६ | क्षयरोग नियन्त्रण | | ३००,०००।० |
| २३७ | आयुर्वेद औषधालय तलब र कार्यालय संचालन | | ९,६००,०००।० |
| २३८ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | | १,७००,०००।० |
| २३९ | उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु | | ५००,०००।० |
| २४० | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | | १,९००,०००।० |
| २४१ | महामारी रोग नियन्त्रण कार्यक्रम | | २००,०००।० |
| २४२ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | | ३८,५००,०००।० |
| २४३ | हिंसा पिडित महिला तथा किशोरी अल्पकालीन सेवा केन्द्र, सञ्चालन अनुदान | | ५००,०००।० |
| २४४ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक का तथ्याङ्क संकलन र अधावधिक गर्ने | | १००,०००।० |
| | **चालुको जम्मा** | | **१,०२८,७१२,०००।०** |
| २४५ | वडामा रहेका जीर्ण कुवाहरु निर्माण, खानेपानी ट्याङ्की मर्मत, खानेपानीको लागि पाइप खरिद | १ | ७००,०००।०० |
| २४६ | सडक बत्तीका लागि ए.वि.सी. केवल तार खरिद | १ | ४५०,०००।०० |
| २४७ | सडक बत्तीको लागि आवश्यक सामग्रीहरु भ्यापर, बल्ब, कनेक्टर र गट्टा लगायतका सामग्रीहरु खरिद | १ | ३५०,०००।०० |
| २४८ | हाइस्कुलटार टोलको लर्डबुद्ध बोर्डिङ स्कुलबाट सहवीर उचाईको घर अगाडिसम्म पक्की नाला निर्माण | १ | ३००,०००।०० |
| २४९ | ठूलोगाउँ टोलको छाब्दी मार्गबाट ठाडो बाटो हुँदै मत्स्य मार्ग जोड्ने एम.बि. मार्ग कालोपत्रे निर्माण एवं ठूलोगाउँ टोलको अमृतको घरबाट पश्चिम तेर्सो १३ फुटे बाटोमा ग्राभेल | १ | ३००,०००।०० |
| २५० | डमौली टोलको मत्स्य मार्गमा पर्ने मिलन चोकबाट दक्षिण तर्फ अडमपानी टोल विकास संस्था जोड्ने सडक कालोपत्रे | १ | २५०,०००।०० |
| २५१ | धुपखोला टोलको मत्स्य मार्गको नारेश्वर खोल्सीदेखि भतेरीसम्मको | १ | २००,०००।०० |

| | | | |
|---|---|---|---|
| | ३० फुटे बाटोमा पक्की नाला निर्माण | | |
| २५२ | सृजनशील टोलको शान्ता थापा (वि.क.) को घरदेखि टोल अध्यक्षको घर अगाडि सम्म १३ फुटे बाटो निकास गरी पक्की नाला निर्माण | १ | २००,०००।०० |
| २५३ | मिलन टोलको टोल भवन जाने बाटोमा पक्की नाला निर्माण | १ | २००,०००।०० |
| २५४ | विज्ञानचौर टोलको निर्माणाधीन कृयापुत्री भवन प्लास्टर | १ | २००,०००।०० |
| २५५ | निर्मल स्कुल (क) मार्ग बाट दरै स्वामी चौतारा खड्कबहादुर रानाको घर हुँदै उत्तर तर्फ जनचेतना टोल जाने चोकसम्म पक्की नाला निर्माण | १ | २००,०००।०० |
| २५६ | जनचेतना टोलको कालीमाटी चोक जाने बाटोमा पक्की नाला निर्माण | १ | २००,०००।०० |
| २५७ | निर्मलनगर टोलको गिता शाहीको घर अगाडिको बाटोमा नाला निर्माण | १ | २००,०००।०० |
| २५८ | निर्मल जनसुधार टोलको दिल मार्गमा नाला निर्माण | १ | २००,०००।०० |
| २५९ | छाब्दी प्रवेशद्वार टोलको इन्द्रेनी मार्गको सुशीला दुराको घर अगाडिबाट रामकृष्ण कुवंरको चोकसम्म पक्की नाली निर्माण | १ | २००,०००।०० |
| २६० | नवआदर्श टोलको गोविन्दराज सेढाइको घरदेखि माथि अकला खोल्सीसम्म जोड्ने बाटोमा पक्की नाला तथा ग्राभेल | १ | २००,०००।०० |
| २६१ | गल्वुवेशी टोलको सृजनशील मार्गमा पक्की नाला निर्माण | १ | २००,०००।०० |
| २६२ | अकलाबगैंचा टोलको छाब्दी मार्गदेखि पश्चिमतर्फ सिन्धुटारी प्लटिङसम्म पक्की नाला र ग्राभेल | १ | २००,०००।०० |
| २६३ | खकौली टोलको छाब्दी मार्गदेखि कदम खोल्सीको हुँदै माथिल्लो दरैगाउँ जाने बाटो निर्माण र कुञ्छाली टोलमा शाखा बाटो निर्माण गरी कच्ची नाला र ग्राभेल (बुद्ध दाहाल विद्यालयको उत्तरबाट पूर्वतर्फ शारदाको बारी हुँदै माथि ३० फुटे हुलाकी जाने मार्गमा जोड्ने) | १ | २००,०००।०० |
| २६४ | मोहोरीयाटार टोलको लागि सत्संग सामुदायिक भवनमा ट्रष्ट निर्माण | १ | २००,०००।०० |
| २६५ | अडमपानी टोलको घडेरी मार्गबाट कालिमाटी झर्ने बाटोमा पि.सि.सि. | १ | २००,०००।०० |
| २६६ | रजआँप जाने चोकदेखि हुलाकीसम्म बाटो विस्तार गरी कच्ची नाला सहित ग्राभेल | १ | १५०,०००।०० |
| २६७ | मुसेखोलादेखि भद्रु जाने बाटोमा नाला तथा ग्राभेल | १ | १५०,०००।०० |
| २६८ | माहिलीडाँडा टोलको चर्चदेखि लिचीघारी हुँदैं छाब्दी मार्ग जोड्नको लागि बाटो निर्माण र माहिलीडाँडाको अधुरो रेलिङ निर्माण | १ | १५०,०००।०० |
| २६९ | अम्रेनी टोलमा थानी माईको मन्दिर हुँदै डाँडागाउँ जाने बाटो निर्माण तथा ग्राभेल | १ | १५०,०००।०० |
| २७० | तालघरे टोलको पुरानो खानेपानी ट्याङ्की जीर्ण भएकोले क्षमता बृद्धि गरी निर्माण | १ | १५०,०००।०० |
| २७१ | चारकुने टोल अन्तर्गत माथिल्लो भेगको मिश्रगाउँ जाने बाटो ग्राभेल र नाला निर्माण | १ | १००,०००।०० |
| २७२ | रतौली टोलको कच्ची र अस्थायी सडकहरुमा कच्ची नाला र ग्राभेल | १ | १००,०००।०० |
| २७३ | भादगाउँ टोलको मनकामना बोडिङको तल पश्चिमतर्फबाट | १ | १००,०००।०० |

| | | | |
|---|---|---|---|
| | बुल्दिखोला (भङभङे) झर्ने सिंढी बाटो निर्माण | | |
१९) स्थानीय पशु व्यवसाय प्रवर्द्धन गर्न जिल्ला बाहिरबाट आयात हुने भैंसी तथा रांगा व्यवसायिक रुपमा बिक्री वितरण भएको देखिदा त्यस्तोमा प्रति गोटा रु.१,०००। कर निर्धारण

२०) नगरपालिकाको विभिन्न सामग्री खरिद, परामर्श सेवा जस्ता विषयमा सूचीकृत हुन चाहने संघ संस्थाले सूचिकृत वापत रु.१,०००। दस्तुर निर्धारण

अनुसूची १४
(दफा १६ सँग सम्बन्धित)
<u>वातावरण शुल्कका दरहरु</u>

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १. | स्लेट (बिछ्याउने तथा छाउने ढुङ्गा, खरी, चुन ढुङ्गा) प्रति क्यु.फिट | रु.०।५० |
| २. | ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडा प्रति क्यु. फिट | रु.२।५० |
| ३. | ब्लक निकासी प्रति गोटा | रु.०।२० |
| ४. | इट्टा निकासी प्रति हजार | रु.५०। |
| ५. | ईट्टा भट्टामा प्रयोग गर्ने माटो प्रति क्यु. फिट | रु.०।३० |
| ६. | कटिङ ढुङगाः १२ इन्चभन्दा सानो प्रति पिस | रु.०।२५ |
| | १२ इन्च वा सोभन्दा ठूलो प्रति पिस | रु.०।५० |
| ७. | अन्य बोतल प्रति गोटा | रु.१। |
| | चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जी. | रु.१। |
| | बियर बोतल प्रति गोटा | रु.१। |
| | मदिरा सिसी प्रति गोटा | रु.१। |
| | फलाम प्रति के.जी. | रु.२। |
| | प्लाष्टिकजन्य पदार्थ प्रति के.जी. | रु.१। |
| | तामा/पित्तल प्रति के.जी. | रु.३०। |
| | कागजजन्य पदार्थ प्रति के.जी. | रु.१। |
| | सिलौट/जस्ता प्रति के.जी. | रु.१५। |
| | हाड, सिङ, खुर प्रति के.जी. | रु.५। |
| | छाला प्रति पिस | रु.५०। |
| | अन्य प्रति के.जी. | रु.१। |
| ८. | बाँस प्रति घना | रु.२। |
| ९. | दाउरा प्रति के.जी. | रु.०।१० |
| १०. | अन्य कुकाठ गोलाई प्रति क्यु.फिट | रु.१०। |
| | चिरान प्रति क्यु.फिट | रु.१५। |
| ११. | सिसौ गोलाई प्रति क्यु.फिट | रु.२०। |
| | चिरान प्रति क्यु.फिट | रु.३०। |
| १२. | खयर जातको काठ गोलाईः प्रति क्यु.फिट | रु.२५। |
| १३. | साल जातको काठ गोलाई प्रति क्यु.फिट | रु.३०। |
| | चिरान प्रति क्यु.फिट | रु.५०। |
| १४. | पानी प्रति लिटर | रु०.२५ |
| १५ | चिम्नी उद्योग वार्षिक वातावरण तथा प्रदूषण शुल्क | रु.४०,०००। |
| १६ | इट्टा भट्टा उद्योग वार्षिक वातावरण तथा प्रदूषण शुल्क ४ प्वालसम्म रु.१०,०००।, ६ प्वालसम्म रु.१५,०००। र ६ प्वालभन्दा माथि रु.२०,०००। | |

**<u>निर्णय नं.४:</u>** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ का लागि प्रस्तावित विनियोजन विधेयक २०७८ यही मिति २०७८/३/१० गते प्रारम्भ हुने ३५ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## <u>व्यास नगरपालिका विनियोजन विधेयक, २०७८</u>

**<u>प्रस्तावनाः</u>** व्यास नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९

को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी व्यास नगर सभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "व्यास नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले व्यास नगरपालिकाको विनियोजन ऐन, २०७८ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले व्यास नगरपालिकाको सभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३. **आर्थिक वर्ष २०७८/०७९ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने**:

आर्थिक वर्ष २०७८/०७९ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.१,७७,८९,१२,०००। (अक्षेरुपी एक अरब सतहत्तर करोड उनान्नब्बे लाख बाह्र हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

४. **विनियोजन:**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त व्यास नगरपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थापन खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृत लिनुपर्नेछ ।

## अनुसूची १
### (दफा (२) सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | नगर कार्यपालिका | १०१८७१२। | ६५०२००। | ०। | १६६८९१२। |
| २. | | वडा समिति | ०। | ०। | ०। | ०। |
| ३. | | विषयगत शाखा | ०। | ०। | ०। | ०। |
| ४. | | ऋणको साँवा, व्याज भुक्तानी | १००००। | १०००००। | ०। | ११००००। |
| ५. | | लगानी (शेयर/ऋण) | ०। | ०। | ०। | ०। |
| | | जम्मा | १०२८७१२। | ७५०२००। | ०। | १७७८९१२। |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि आवश्यक देहाय बमोजिमका विधेयकहरु दफावार छलफल गरी आवश्यक संशोधन सहित पारितका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) व्यास नगर प्रज्ञा प्रतिष्ठान विधेयक, २०७८

(ख) व्यास नगर पुरातत्व, प्राचिन स्मारक र संग्राहलय संरक्षण, सम्वर्द्धन विधेयक, २०७८

(ग) व्यास नगरपालिका कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बजेको विधेयक, २०७८

(घ) व्यास नगरपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको विधेयक, २०७८

(ङ) व्यास नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (प्रथम संशोधन) २०७८

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि आवश्यक व्यास नगरपालिका आपतकालीन कार्य सञ्चालन कार्यविधि, २०७८ दफावार छलफल गरी आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ को सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक वर्ष २०७७०७८ को जेठ मसान्तसम्म भएको निर्णय नं.२ को अनुसूची २ अनुसारको सम्पूर्ण आम्दानी तथा खर्चहरु अनुमोदन गर्नका लागि सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको क्षमता विकास सम्बन्धी योजना तर्जुमा गर्नको लागि परामर्शदाताको रुपमा रु.४,९५,५८४। (चार लाख पन्चान्नब्बे हजार पाँच सय चौरासी रुपैंया) भुक्तानी गर्ने गरी श्री एस.एण्ड एस. डेभलपमेन्ट कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौ ११ सँग सम्झौता गरी सो सम्बन्धी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व.२०७८/०७९ देखि ०८०/०८१ सम्मको तीन बर्षे अवधिको आवधिक योजना तर्जुमा गर्ने कार्यका लागि रिसर्च एजेन्सी फर फेडरल एण्ड लोकल एजेन्सी नामक परामर्शदाता कम्पनीसँग सम्झौता गरी उक्त परामर्शदाता कम्पनी समेतको सहकार्यमा कार्यालयद्वारा तयार पारी पेश हुन आएको आवधिक योजनाको दस्तावेज स्वीकृत गरी यसको कार्यान्वयनको लागि आगामी यस नगरपालिकाको ३५ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको बिमा वापत मासिक रुपमा कट्टा गरिएको रकम मध्ये उनीहरुको उमेर अनुसार विभिन्न विमा कम्पनीलाई

भुक्तानी भई नगरपालिका कोषमा बाँकी रहन गएको रकम नियमानुसार नाम नामेसी विवरण तयार गरी निजहरुको बैंक खातामा भुक्तानी दिने व्यवस्था मिलाउन हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८।०७९ मा प्राकृतिक श्रोत साधन उपयोग कर र अन्य कर तथा शुल्क अन्तर्गत तपलिमा उल्लेखित करहरुको देहाय बमोजिम वार्षिक न्यूनत्तम मूल्य कायम गरी ठेक्का लगाउनका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | विवरण | न्यूनत्तम बार्षिक कर तथा शुल्क | कैफियत |
|---|---|---|---|
| १. | मादी नदी खण्ड १ शिशाघाट पुलदेखि कलेस्ती झोलुङ्गे पुलसम्म | १५०,००,०००। | कर |
| २. | मादी नदी खण्ड २ कलेस्ती झोलुङ्गे पुलदेखि मादी नदी पक्की पुलसम्म | ३५०,००,०००। | कर |
| ३. | सेती/मादी नदी | ८५,००,०००। | कर |
| ४. | स्थानीय वातावरण शुल्क | ७७,००,०००। | शुल्क |
| ५. | छाब्दी बसपार्क पार्किङ शुल्क | २५०,०००। | शुल्क |
| ६. | करंकाठ बसपार्क पार्किङ शुल्क | ३००,०००। | शुल्क |
| ७. | कवाडी कर | ३००,०००। | कर |
| ८. | विज्ञापन कर | ३००,०००। | कर |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका क्षेत्रभित्रका खोप लगाउनु पर्ने सम्पूर्ण बालबालिकाहरुलाई नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड अनुसारका सम्पूर्ण खोप लगाईएको हुँदा पूर्ण खोप सुनिश्चित नगरपालिकाको रुपमा यस नगरपालिकालाई घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरुको कार्यकाल २०७८ जेष्ठ मसान्तमा समाप्त भएको र २०७८ आषाढ १ गतेदेखि नयाँ विद्यार्थी भर्ना अभियान सञ्चालन भएकाले विद्यालय व्यवस्थापनको विद्यमान संक्रमणकालिन क्षेत्रमा नियमानुसार व्यवस्थापन समिति गठन नहुँदासम्म व्यवस्थापन समितिका रुपमा आवश्यक निर्णय लिन तथा नयाँ विद्यार्थी भर्नाका आधारमा कायम हुने अभिभावकहरुको विवरणलाई आधार मानी २०७८ श्रावण मसान्तभित्र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्ने कार्यका लागि आवश्यक सहजीकरण गर्न देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

(क) सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको सदस्य – संयोजक
(ख) सम्बन्धित विद्यालयका शिक्षक प्रतिनिधि – सदस्य
(ग) समितिले मनोनयन गरेको एक जना महिला सहित २ जना अभिभावक – सदस्य
(घ) सम्बन्धित विद्यालयका प्र.अ. – सदस्य-सचिव

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका क्षेत्रभित्र २०७८ वैशाख र जेष्ठ महिनामा जम्मा ८०६ जना नगरबासीहरु कोभिड-१९ बाट संक्रमित हुनुभएको, ६६३ जना व्यक्तिहरु निको भईसक्नु भएको, २० जना व्यक्तिहरुको दु:खद निधन भएको र १२३ जना व्यक्तिहरु हाल संक्रिय संक्रमितका रुपमा विभिन्न अस्पताल, सामुदायिक आइसोलेसन केन्द्र र होम आइसोलेसनमा उपचाररत रहनु भएको सम्बन्धमा यस नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखाबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी कोभिड-१९ बिरुद्धको अभियानलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र भएका विपद्का घटनाहरुको समिक्षा गरियो । २०७७ आषाढ र श्रावण महिनामा आएको बाढी र पहिरोबाट भत्किएका विभिन्न बाढी पीडित व्यक्तिहरुको घर निर्माणका लागि नेपाल सरकारबाट तयार भएको कार्यविधि अनुसार प्रति घरपरिवार ४ लाख पाउने र लाभग्राहीले पाउने रकमको १५% रकम नगरपालिकाले व्यहोर्ने गरी कार्यविधिमा भएको व्यवस्था बमोजिम आवश्यक रकम पठाउनका लागि जिल्ला विपद् समितिद्वारा पत्राचार भए अनुसार जम्मा ७७

घरपरिवारको घर निर्माणका लागि यस नगरपालिकाले व्यहोर्नु पर्ने रकम मध्ये पहिलो किस्ता रकम रू.१५ लाख ५० हजार ३ किस्तामा जिल्ला विपद् कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुमा विद्यमान कोभिड-१९ को संक्रमण अवस्था एवं यसले शिक्षा क्षेत्रमा पारेको असरका सम्बन्धमा आवश्यक अध्ययन एवं अनुगमन गरी मासिक प्रतिवेदन बुझाउने कार्यको लागि असिष्टेन्ट ल्याव टेक्निसियन श्री सन्जु तामाङ्गलाई मिति २०७७ चैत्र मसान्तसम्मको लागि खटाइएकोमा कोभिड-१९ को संक्रमण दर दिनानुदिन बढ्दै गइरहेका कारण कार्यालयबाट निजसँग २०७८ आषाढ मसान्तसम्म कामकाज गर्ने गराउने गरी भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको यस नगर क्षेत्रमा क्रियाशील पत्रकारहरुको बिमा गर्ने कार्यक्रम अनुसार पत्रकार महासंघ तनहुँ शाखाद्वारा यस नगरपालिका क्षेत्रमा क्रियाशिल ६७ जना पत्रकारहरुको नामावली पेश हुन आएको हुँदा प्रति व्यक्ति सम्पूर्ण कर सहित १,५५०। (एक हजार पाँचसय पचास रुपैंया) का दरले हुन आउने रकम रू.१,०३,८५०। (एक लाख तिन हजार आठसय पचास रुपैंया) मेडिकल बिमा वापत बिमा भएको कागजात पेश हुन आए पश्चात् भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विश्वभरका शहरहरुको विकास सम्बन्धी विभिन्न क्रियाकलापहरु गर्दै आईरहेका International Council for Local Environmental Initiatives (ICLEI) र League of Historical Cities नामक दुई वटा अन्तर्राष्ट्रिय संस्थाहरुको सदस्यता लिन आवश्यक प्रकृया अगाडि बढाउने साथै सो को लागि आवश्यक रकम भुक्तानी गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहरका कारण नेपालमा समेत स्वास्थ्य संकटको स्थिति सिर्जना भएको अवस्थामा तनहुँ जिल्लामा कोभिड १९ को संक्रमितहरुको संख्या बढ्दै गएको र पि.सि.आर. परीक्षणको लागि पोखरा पठाउनु पर्ने बाध्यताको कारण परीक्षणको रिर्पोट प्राप्त गर्न समय लागेको हुँदा कोभिड १९ का बिरामीहरुको यथासिघ्र पहिचान गरी चेन ब्रेक गर्ने सम्बन्धमा व्यास नगरपालिका वडा नं.१० स्थित स्वास्थ्य केन्द्रको भवनमा पि.सि.आर परीक्षण प्रयोगशाला स्थापना गर्ने गरी प्रक्रिया अगाडि बढाउने सम्बन्धमा यस अगाडि नै कार्यपालिका बैठकबाट निर्णय गरिएकोमा कार्यालयबाट हालसम्म अगाडि बढाइएको टेन्डर प्रक्रियाहरुलाई अनुमोदन गरी पि.सि.आर. मेसिन खरिदको लागि तपशिलमा उल्लेखित बोलपत्रदता फर्मको बोलपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | कामको विवरण | फर्मको नाम | कबोल रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| १ | पि.सि.आर मेसिन खरिद | श्री राणी सेती ट्रेडिङ कन्सर्न त्रिपुरेश्वर काठमाण्डौ । | रु.२५,८७,७००। |

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिसमा तपशिलमा उल्लेखित योजनाहरु परिवर्तन गरी भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | साविकको योजना | विनियोजित रकम | संशोधन गरी कायम गरिएको योजना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेतृत्व शिप विकास तथा स्वास्थ्य व्यास ९ | रु.४,००,०००। | वडा कार्यालयमा अफिस कोठा पाटेशन र किचन सामग्री खरिद | १००,०००। | (शीर्षक ४१२) |
| २ | शिक्षाको गुणस्तर व्यवस्थापन, व्यास ९ | ५००,०००। | चिलाउने गैरा कुलो मर्मत | ५०,०००। | (शीर्षक ४१३) |

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकारको विशेष अनुदान अर्न्तगत व्यास नगरपालिका वडा नं.७ स्थित कलेस्ती नरंगा सिंचाई योजनाको निर्माण कार्य सुचारु अवस्थामा रहेको र व्यास ११ स्थित शित भण्डार निर्माण योजनाको लागि बोलपत्र सम्बन्धी सूचना प्रकाशित भएकोमा कोभिड १९ को कारण दुवै योजनाहरु चालु आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने देखिएको हुँदा आगामी आर्थिक वर्ष २०७८।०७९ मा समेत निरन्तरता दिने गरी म्याद थपको लागि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा संघीय सरकारको समपुरक अनुदान अर्न्तगत व्यास नगरपालिका वडा नं ११ स्थित खड्गकाली मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजनाको लागि चालु आर्थिक वर्षको अषाढ मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा कोरोना महामारीको कारण भएको लकडाउने गर्दा समयमा कालोपत्रे हुन नसकेको साथै वर्षातको समय शुरु भै सकेको हुँदा तत्काल कालोपत्रे गर्न समेत प्राविधिक कारणले गर्दा उपयुक्त नरहेकोले हुँदा उक्त योजनाको लागि आर्थिक वर्षको पहिलो चौमासिकसम्मको लागि म्याद थप गर्न संघीय सरकार अन्तर्गत अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२३**: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | दिनेश गुरुङ, शौचालय निर्माण | १० | २५,०००। | ७५ |
| २. | वडा कार्यालय ट्रस भवन सहितको क्यान्टिन निर्माण र टेवा पर्खाल तथा ग्याविन सम्बन्धी कार्य थप | ५ | ३००,०००। | सोधभर्ना |
| ३. | फोहर मैला व्यवस्थापन केन्द्रको फोहर पानी व्यवस्थापनको लागि ढल निर्माण (फोहरमैला व्यवस्थापनसँग सम्बन्धित रहेकोले लागत सहभागिता नलाग्ने) | १ | ८३७,०००। | सोधभर्ना |
| ४. | श्रीकृष्ण कृषि पशुफर्म | १ | ३०,०००। | १२७ |
| ५. | भादगाउँअधुरो नाला निर्माण | १ | ३४०,०००। | सोधभर्ना |
| ६. | टिका कुमारी दरै उपचार एवं काजकृया खर्च | १ | ५०,०००। | ३७ |
| ७. | हाइस्कुलटार टोल अधुरो नाला निर्माण थप | १ | ३५०,०००। | शोधभर्ना |
| ८. | कृष्णपुर विरता टोल अधुरो ग्राभेल गर्ने कार्य | ४ | १७५,०००। | शोधभर्ना |
| ९. | साँगे पतेनी जल उपभोक्ता पहिरो पन्छाउने | ५ | १००,०००। | विपद |
| १०. | बाल शिक्षा व्यवस्थापन | ६ | ५०,०००। | ५८ |
| ११. | शान्ति टोल विकास गहते कुलो पहिरो पन्छाउने | ६ | ३५,०००। | विपद |
| १२. | बगर भतेरी बस्ती संरक्षण खोला तर्काउने | ६ | ५०,०००। | विपद |
| १३. | डुडीखेत कुला पहिरो पन्छाउने | ७ | ३०,०००। | विपद |
| १४. | कुसुमदेवी पौडेल एकल महिला | ८ | ३०,०००। | ३७ |
| १५. | पिपलटार रिमाले कुलो पाइप खरिद | ९ | २५,०००। | १२२ |
| १६. | मुक्तिनाथ कृषि पशुफर्म इनार संरक्षण | १० | २५,०००। | १२२ |
| १७. | कुमालटारी भतेरी डिप बोरिङ | १० | ५००,०००। | १२२ |
| १८. | च्यापकटर मेसिन खरिद | १० | ३०,०००। | १२७ |
| १९. | रिजाल कृषि तथा पशुपंक्षी फाराम संरक्षण | १० | ५०,०००। | १२७ |
| २०. | राम्चे ओडारे टोल पहिरो संरक्षण र नाला निर्माण | ११ | ७०,०००। | १२७ |

| | | | | |
|---|---|---|---|---|
| २१. | बोर्धन खोला, गिदरी खोला कुलोमा पाइप खरिद | ११ | ७०,०००। | १२७ |
| २२. | सिरुवा खोला कजवे निर्माण थप | १२ | ३८०,०००। | १२७ |
| २३. | भेटेरीनरी औषधि खरिद | १३ | ७३,०००। | वडा बजेट |
| २४. | दमौली केशवटार सुखौरा मार्ग आँपश्वाँरा घर संरक्षण पर्खाल निर्माण | १३ | ५००,०००। | विपद |
| २५. | केशवटार कृषि सेवा केन्द्र भवन मर्मत सम्भार | १४ | १८०,०००। | मर्मत कोष |
| २६. | झाक्री टोल सिंचाई मर्मत सम्भार | १४ | २८,८००। | विपद |
| २७. | विद्युत पोल स्थानान्तरण माहेन्दी मार्ग | ६ | ४०८,३४४ | सोधभर्ना |
| २८. | नेपाल रेडक्रस सोसाइटी दुम्सीशाखा एम्बुलेन्स खरिद | १० | ५००,०००। | ७९ |
| २९. | विपद व्यवस्थापन कोषमा रकम स्थानान्तरण गरिएको | | २५००,०००। | कालिका मार्ग निर्माण ६४२, ५९ |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा (६) को उपदफा (२) सँग सम्बन्धित अनुसूची ४ को बुँदा नं. ८ मा आवाद कमोद गरेको जग्गाको प्रकृति बमोजिम जग्गा दर्ता सम्बन्धी प्रयोजनको लागि यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुको भौगोलिक तथा भू-उपयोगको अवस्था अनुसार देहाय बमोजिम जग्गाको क्षेत्रगत वर्गीकरण गर्ने निर्णय गरियो ।

| वडा नं. | जग्गाको प्रकृति र विवरण |
|---|---|
| १ | **क) जग्गा दर्ता हुन सक्ने**<br>१. अकला सामुदायिक वनभन्दा तल सामुदायिक भवनभन्दा माथिको जग्गा,<br>२. वडा कार्यालयदेखि उत्तरतर्फ माथिल्लो भेग भयँरथान सामुदायिक वन भित्रको हाल बुट्यान रहेको जग्गा,<br>३. भद्रु सामुदायिक वनको भद्रु एरिया र सिन्दुरे पानी आसपासका जग्गाहरु,<br>४. थानी सामुदायिक वनको आवादीमा रहेको जग्गा,<br>५. मुसेखोला क्षेत्र अन्तर्गत सुन्दरी सामुदायिक वन क्षेत्रको आवादीमा रहेको जग्गाहरु,<br>६. भँयरथान वन अन्तर्गतका हाल बुट्यान रहेका जग्गा,<br>**ख) जग्गा दर्ता हुन नसक्ने**<br>७. साविक कुर्लुङ ६/ड कि.नं. २३८ को जग्गा,<br>८. साविक कुर्लङ ६/ड कि.नं. २५२ को जग्गा,<br>९. चारकुने चौताराबाट उत्तरतर्फको र धुपखोला परिशरको सार्वजनिक जग्गा,<br>१०. नारेश्वर खोल्सी र मत्स्यमार्गको तल माथिको सार्वजनिक जग्गा,<br>११. अकला मन्दिर परिशरमा रहेको सार्वजनिक जग्गा,<br>१२. तालघरे टोल अनतर्गत माङकुवा परिशरको सार्वजानिक जग्गा,<br>१३. व्यास १ र १२ को सिमानामा रहेको भङ्खला क्षेत्रको जग्गा,<br>१४. साविक कुर्लुङ ६/ङ कि.नं. ७०८ को जग्गा,<br>१५. साविक कुर्लुङ ६/ञ निर्मल जनसुधार टोलमा पर्ने जग्गा,<br>१६. साविक कुर्लुङ ६/ज बुल्दीखोला करिडोरमा पर्ने जग्गा,<br>१७. साविक कुर्लुङ ६/क कदम खोल्सी, नारेश्वर खोल्सी र फलेदी कुवा वरपरको जग्गा,<br>१८. मुसे खोलादेखि बुल्दीको पुलसम्मका पृथ्वी राजमार्गको मापदण्ड भित्र पर्ने जग्गा । |
| २ | **क) जग्गा दर्ता हुन सक्ने**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :दमौली बजारका १० फुटे बाटोका घर जग्गा,<br>२. पर्ती नदी उकास लगायतका बसोवास वा खेती योग्य अन्य सरकारी जग्गा :बुल्दी खोलाको |

| | |
|---|---|
| | मापदण्ड वाहेक मालेबगरदेखि जनसेवा प्रा.वि. सम्मका जग्गा,<br>३. साविकको वन क्षेत्र जनिएको भएता पनि आवादीमा परिणत भएको जग्गाः नभएको,<br>**ख) जग्गा दर्ता हुन नसक्ने**<br>४. धार्मिक साँस्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गाहरुः नभएको,<br>५. प्राकृतिक प्रकोप, विपद व्यवस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा :माले बगरदेखि दक्षिण तर्फ बागबजार, उत्तरशीलाको तल्लो भाग हुँदै पुलचोकसम्मका जग्गा,<br>६. सार्वजनिक जग्गा : नभएको,<br>७. नदी, खोला वा नहर किनाराको जग्गा :माले बगरदेखि दक्षिणतर्फ बाग बजार, उत्तरशीलाको तल्लो भाग हुँदै पुलचोकसम्मका जग्गा,<br>८. जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा :माले बगरदेखि दक्षिण तर्फ बागबजार, उत्तरशीलाको तल्लो भाग हुँदै पुलचोकसम्मका जग्गा,<br>९. राष्ट्रिय निकुन्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :पृथ्वी राजमार्ग अन्तर्गत माधवबहादुर पन्तको घरदेखि पूर्व बुल्दी खोलासम्मका सडक मापदण्ड भित्रका जग्गा,<br>१२. कसैको निजी जग्गा :जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको जग्गा,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा :नभएको<br>१४. अन्य :नभएको |
| ३ | **क) जग्गा दर्ता हुन सक्ने**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :सृजना टोल, देउराली नगर, पुलचोक, बृद्धपार्क टोल, निमचोक, महर्षि टोल, पराशर टोल,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :मादी भतेरी,<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :नभएको ।<br>**ख) जग्गा दर्ता हुन नसक्ने**<br>४. धार्मिक, साँस्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :शिव पञ्चायन मन्दिर क्षेत्र, व्यास गुफा, दुर्गा मन्दिर क्षेत्र, मादी पुल क्षेत्रमा रहेका गुम्बा, गुठी, भवन क्षेत्र, बिसघरे गुम्बा तथा शवदाह स्थल क्षेत्र,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :मादी नदी पुलदेखि शवदाह स्थानसम्मको किनारको जग्गा,<br>६. सार्वजनिक जग्गा :वडाको अधिकांश ठाउँमा भएको जग्गा,<br>७. नदी खोला वा नहर किनारको जग्गा :मादी नदीले छोएको क्षेत्र,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :मादी नदीले छोएको क्षेत्र,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :व्यास मार्ग आसपासका क्षेत्र,<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :पृथ्वी राजमार्ग । |
| ४. | **क) जग्गा दर्ता हुन सक्ने**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :सितलचोक, जलदेवी ख, जुडेपानी, वेदव्यास, विरता, विरालेटार, कृष्णपुर विरता, व्यास मार्ग, चुरेखोल्सी, बागबजार टोलका जग्गाहरु,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :कृष्णपुर विरता, विरता, चुरेखोल्सीका केही जग्गाहरु, |

| | |
|---|---|
| | ३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :वेदव्यास, विरालेटार र चुरेखोल्सीका केही जग्गाहरु,<br>ख) **जग्गा दर्ता हुन नसक्ने**<br>४. धार्मिक, सास्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :नभएको,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :सितलचोक, कृष्णपुर विरता, जलदेवी ख र जुडेपानीका केही जग्गाहरु,<br>६ .सार्वजनिक जग्गा :विरता, सिमलटारका केही जग्गाहरु,<br>७. नदी खोला वा नहर किनारको जग्गा :चुरेखोल्सी, विरता, कृष्णपुर विरता र सितल चोकका केही जग्गाहरु,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :जुडेपानी, सितलचोक, जलदेवी ख का केही जग्गाहरु,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :बागभञ्जयाङ्ग सामुदायिक वन र विरता सामुदायिक वन क्षेत्रका जग्गाहरु,<br>११. सडक सिमा भित्रको जग्गा :पृथ्वी राजमार्ग, व्यास मार्ग, जुडेपानी र चुरेखोल्सी टोलका केही जग्गाहरु,<br>१२.कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :वर्गीकरण नभएको,<br>१४. अन्य :नभएको । |
| ५. | क) **जग्गा दर्ता हुन सक्ने**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :वेतेनी, पाटन, वेनीपाटन, अलैंचे, मानहुँ, सौराहा, पतेनी, पतेनी सामुदायिक साँगे दरैगाउँ, ठूलोटार सिमलगैरा, सेरा, बरबोटे, रानीटारी, नेपालटार, चुंदेर, क्षेत्रीगाउँ भगेरी, चिन्तुटार टोल भित्रका ऐलानी जग्गाहरु,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :वेनीपाटन, पाटन, चापाघाट, पतेनी, पतेनी सामुदायिक र चिन्तुटार क्षेत्रका जग्गाहरु,<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :वेतेनी, अलैंचे, मानहुँ सौराहा, पतेनी सामुदायिक, ठूलोटार सिमलगैरा, सेरा, बरबोटे, रानीटारी, नेपालटार, चुंदेर, क्षेत्रीगाउँ भगेरी, चिन्तुटार क्षेत्रका जग्गाहरु,<br>ख) **जग्गा दर्ता हुन नसक्ने**<br>४. धार्मिक, साँस्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :पाटन टोलका पराशर क्षेत्र,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा,<br>६. सार्वजनिक जग्गा :हरेक टोलमा केही मात्रमा सार्वजनिक जग्गा रहेको,<br>७. नदी खोला वा नहर किनारको जग्गा :मादी नदी, सेती नदी, साँगे खोलाको किनार र साँगे पतेनी नहर क्षेत्रका जग्गाहरु,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :नभएको,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :मानहुँ सामुदायिक वन, टेकन थुम्की सामुदायिक वन र फोक्सिङ सामुदायिक वन क्षेत्रका जग्गा,<br>११. सडक सिमा भित्रको जग्गा :पृथ्वी राजमार्ग, सिन्धु मार्ग, पराशर मार्ग, माहेन्द्री मार्ग, मानहुँ पर्यटकीय मार्गले छोएका जग्गाहरु,<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको, |

| | |
|---|---|
| | १४. अन्य :नभएको । |
| ६. | **क) <u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१.आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :देउराली, भलायडाँडा, अम्रेनी, रातमाटा टोल अन्तर्गतका तार्कुले डाँडा, नत्थरी, नेपालस्वाँरा क्षेत्रका जग्गा, शान्ति टोल अन्तर्गतका वादी गहतेका ऐलानी जग्गा, गैरीस्वाँरादेखि ढाँडसम्म रहेको गौचरण बाहेकका केही क्षेत्रहरु,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :शिशाघाट मादी पुलदेखि दक्षिणतर्फका केही वन तथा गौचरण बाहेकका क्षेत्र,<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :देउराली भलायडाँडा<br>**ख) <u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धार्मिक, सास्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :स्याम्घा टोलको शिव मन्दिरको क्षेत्र, गलेखाम टोलको कोटभैरवी मन्दिरको क्षेत्र, इन्दु मा.वि.अगाडिका जग्गा, अम्रेनी रातमाटा टोल अर्न्तगतको गुहेडाँडा क्षेत्रको जग्गा, शिशाघाट महेन्द्र मा.वि. आसपासका ऐलानी प्रति जग्गाहरु, मादीवेशी माहेन्द्री आधारभूत विद्यालय आसपासका ऐलानी प्रति जग्गाहरु,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :नभएको,<br>६. सार्वजनिक जग्गा :हरेक टोलमा केही मात्रामा सार्वजनिक जग्गा रहेको,<br>७. नदी खोला वा नहर किनारको जग्गा :मादी नदी, साँगे खोला, मादी खोला र बिलमादे खोला किनारका जग्गाहरु,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :गैरीस्वाँरा टोल अर्न्तगतका सत्रसय पुल आसपासका जग्गाहरु,<br>९. राष्ट्रिय निकुञ्ज वा सुरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :सिन्धु मार्ग, शिवालय मार्ग, माहेन्द्री ग्रामिण सडक र साँजा मार्गले छोएको जग्गाहरु,<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :नभएको । |
| ७ | **क) <u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :नरंगा, कलेस्ती, शेरा, बोटेटार, पाथ्रा, दुलेपानी, सत्रसय पाताल, खर्क,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :नभएको,<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :शेरा पाथ्रा, दुलेपानी, गलम खोला, नरंगा, सत्रसय पातल, खर्क, श्रीचौर, घ्यूटारी,<br>**ख) <u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धार्मिक, साँस्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :पाथ्रा (कोट) कालिका<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :नभएको<br>६. सार्वजनिक जग्गा :नभएको,<br>७. नदी खोला वा नहर किनारको जग्गा :मादी नदी,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :नभएको,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :व्यास मार्ग आसपासका क्षेत्र,<br>१२. कसैको निजी जग्गा :नभएको, |

| | |
|---|---|
| | १३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :नभएको । |
| ८ | क) **<u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :रिस्ती टोल अन्तर्गत फरास, धर्मासाल, सिसनारे, लौसिवोटे, टाकी बोटे, वेलथुम्की,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :रिस्ती टोलको सिस्नारे<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादिमा परिणत भएको जग्गा :सोतीवेशी टोलको भण्डारी पाखा, रिस्ती टोलको वेलथुम्की<br>(ख) **<u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धार्मिक, सास्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :कालिका मन्दिर, गाडापानी, बराहदेवी मन्दिर,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :सत्यदेवी टोलको बिलौनी गाउँ,<br>६. सार्वजनिक जग्गा :वाहुनपोखरा टोलको ठाडी खोरीया वरपर,<br>७. नदी खोला वा नहर किनारको जग्गा :नभएको,<br>८. जोखिम युक्त स्थानमा वसोवास गरिएको जग्गा :नभएको,<br>९. राष्ट्रिय निकुञ्ज वा सरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :नभएको,<br>१२. कसैको निजि जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :नभएको । |
| ९. | क) **<u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरुः कुमालगाँउ, नारायणचौर, सानोपोखरी रिट्ठावोट, बन्दीपुरे चोक,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :नभएको,<br>३. साविक वनक्षेत्र जनिएको भएता पनि आवादीमा परिणत भएको जग्गा :सानोचौर पोखरीडाँडा, सुवागैरा, अङखोल्सी, सिमलचौर, स्याकुन्थोक, जामुनेडाँडा, काजीफाँट वरपरका जग्गाहरु,<br>ख) **<u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धर्मिक, साँस्कृतिक तथा स्मारिक महत्वका क्षेत्रका जग्गा :राजापानी, वसाहास्थान सिद्धभयेर, मेवावारी गुम्वा,चणडी भयर स्थान,कुमालगाँउ घुमाउने घर, सालडाँडा भयर स्थान, शिवालय मन्दिर शिवालय थान कालिका मन्दिर, महादेव मन्दिर ज्यामिरे व्यास-९ का गुठी जग्गाहरु,<br>५. प्राकृतिक, प्राकोप, विपद व्याावस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा :माझफाँट, मोहोरियटार, धनवासे, तिवारीगाँउ, कुसुमे खोल्सा कवादी खोला, सुदे खोला, सिस्नेरी खोला, पाउँदी खोला, भौडी खोला, कुसुन्डे खोल्सी, विर्तादेखि कलेस्ती पक्की पुल सम्म,<br>६. सार्वाजनिक जग्गा :कुमालगाँउ घुमाउने घर वरिपरि, कुसुमे आमा समूहको भवन वरिपरी, मध्य माझफाँट मजुवा, गहनचौर, मोहोरीयटार, झिनुवटारको माथिल्लो भाग, सुवागैरा बगैंचा, गजौडे क्षेत्र वरीपरी, काजिफाँट अंङखोल्सी, वास्पानी, राजापानी, गुठी जग्गा, पोखरीडाँडा रिट्ठाबोट, गैरीस्वाँरा, नारायणचौर स्कुल, कलावारी,<br>७. नदी, खोला वा नहर किनारको जग्गा :कलेस्ती खोला दाँया बाँया पर्ने खेत,<br>८. जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा :मोहोरियटार, माझफाँट, धनवासे, कवादीखोला, सुदेखोला, गजौडे, सिस्नेरी बस्ती, बिर्ता, तल्लो नारायणचौर र कुसुमे बस्ती |

| | |
|---|---|
| | ९. राष्टिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :वडा भित्रका सामुदयिक वन सबै,<br>११. सडक सिमा भित्रका जग्गा :कलेस्ती बिर्ता मोटर मार्ग, राजापानी मोटर मार्ग, नगेन्द्र मोटर मार्ग, संसरी मोटर मार्ग, रानीपानी मोटर मार्ग, चिलाउने चिसापानी, नयाँ पुलदेखि कुसुमे चोकसम्म शिवलय मार्ग, अमर सहिद मोटर मार्ग, श्रीकृष्ण मोटर मार्ग र भोर्ले मोटर मार्ग,<br>१२. कसैको निजी जग्गा : नभएको,<br>१३. भुउपयोग क्षेत्र वर्गिकरणमा आवास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :नभएको । |
| १० | **क) <u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :नयाँबस्ती, रत्न टोल, जोगीटार, बोटेगाउँ, दुम्सी, कुमालटारी,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :पोखेलफाँट क्षेत्र र मादी नदी तल्लो भतेरीदेखि कलेस्ती खोलासम्मको जग्गा,<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :परेवाडाँडा वरपरको जग्गा ।<br>**ख) <u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धार्मिक, साँस्कृतिक, तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :दुम्सीकोट, कालिका, रामेश्वर, विश्वशान्ति गुम्वा लगायतका वडामा रहेका धार्मिक स्थानहरु,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :कोलगैह्रा बगैचा नजिक र परेवाडाँडा झोलुङ्गेपुल नजिकको पाखो, भतेरी गौ संरक्षण क्षेत्र,<br>६. सार्वजनिक जग्गा :दुम्सी आधारभूत स्वास्थ्य केन्द्र वरपर, वडा कार्यलय आसपास, चापटार टिपटिपे गैह्रा र रातमाटा क्षेत्रको जग्गा र वरचौर क्षेत्रको ऐलानी जग्गा,<br>७. नदी खोला वा नहर किनारको जग्गा :माथिल्लो भतेरी खेल मैदान र तल्लो भतेरीदेखि खहरे मादी नदी किनारको जग्गा,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :वि.पि. भञ्ज्याङ्गको उत्तरतर्फ अधेरी भञ्ज्याङ्ग (टक्सारे गाउँ), दुम्सीकोट क्षेत्र,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :नभएको,<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :नभएको । |
| ११ | **क) <u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु :वेलटारी, पुरनडिही क्षेत्र (बाचे गाउँ), रातमाटा क्षेत्र, वडारे क्षेत्र,<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :कोकलडाँडा क्षेत्र, फराकचौर क्षेत्र, मुलपानी क्षेत्र, रानीगाउँ क्षेत्र, सेरा पोल्याङ क्षेत्र, वेलटारी राताामाटा क्षेत्र,<br>३. साविक वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा :रातामाता भर्याङदी क्षेत्र,<br>**ख) <u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धार्मिक, साँस्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :साविक तनहुँसुर गा.वि.स. अन्तर्गत तनहँसुर दरबार क्षेत्र, शहिद पार्क, गद्दिचौतारा, गढिहरु, टुंडिखेल, तनहुँसुर मुलबाटो, भगवतीपानी मन्दिर एरिया, प्यारागलाइडिङ क्षेत्र, मनकामना मन्दिर क्षेत्र, चण्डी भञ्ज्याङ्ग, चण्डी मन्दिर एरिया, कोकलडाँडा गुम्बा क्षेत्र, बराहखोला गुम्बा क्षेत्र, निर्बु बराह मन्दिर क्षेत्र, शेरा तातोपानी मन्दिर क्षेत्र, गुप्तेश्वर महादेव मन्दिर क्षेत्र,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको |

| | |
|---|---|
| | जग्गा :नभएको<br>६. सार्वजनिक जग्गा :ढुंगै थुप्री, दरैपधेंरा, समीरुख क्षेत्र, फराकचौर क्षेत्रका खुल्ला चउर गल्लीहरु, मुलपानी मोटर मार्गका आसपासका सार्वजनिक जग्गाहरु, पराशर मोटर मार्गमा पर्ने सार्वजनिक जग्गााहरु, खड्गकाली मोटर मार्ग आसपासका पर्ने सार्वजनिक जग्गाहरु, वाराही रानी मोटर मार्ग आसपासको जग्गाहरु, मुक्ति नारायण मार्ग आसपासको जग्गाहरु,<br>७. नदी खोला वा नहर किनारको जग्गा :रानीगाउँदेखि पूर्व बुल्दी खोलाको किनारका जग्गाहरु, घाँसीकुवादेखि शेरासम्मको बुल्दी खोलाको जग्गाहरु, शेरादेखि कटहरेसम्मको शिशा खोला किनारका जग्गाहरु, शेरादेखि शिवालय फराकचौरसम्म बुल्दी खोलाको किनारका जग्गाहरु, शिवालयदेखि उत्तर बोर्धन खोलाका जग्गाहरु,<br>८. जोखिम युक्त स्थानमा बसोबास गरिएको जग्गा :खैरेनी पाखा (गिदेरीपानी) क्षेत्र, राम्चे ओडारे क्षेत्र, पातीघारी क्षेत्र,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :बुडीराम्चे वन क्षेत्र एरिया, सिद्ध वाराह वन क्षेत्र, कालिका वन क्षेत्र, दुरपत्ता सामुदायिक वन बुट्यान क्षेत्र साविक ३ नं.का विभिन्न वन तथा कबुलियत वन क्षेत्र घुमाउने डाँडा वन क्षेत्र । |
| १२ | **क) <u>दर्ता हुन सक्ने जग्गाहरु</u>**<br>१. आवाद लायक वा बसोवास ऐलानी जग्गाहरु :छिर्कने, मनकामना, बेलघारी, बेलथेक भगेर कोटकालीका, देउराली, कमलावारी, गोल्ला, टार बगाले, छब्दी फुलुङे, लामिडाँडा पुरन सिरुडाँडा टोल,<br>२. पर्ति नदी खोला उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गाहरु :र्छिकने, छब्दी, कमलवारी, गोल्ला, पुरनडिही सिरुडाँडा, देउराली टोल,<br>३. साविक वन क्षेत्र जनिएको.भएपनि आवदीमा परिणत भएको जग्गा :र्छिकने, मनकामना, बेलघारी, बेलथोक भगेरी, कोट कालिका, देउराली, कमलावारी, गोल्ला, टार बगाले, छाब्दी लामिडाँडा, पुरनडिही टोल,<br>**ख) <u>दर्ता हुन नसक्ने जग्गाहरु</u>**<br>४. धार्मिक तथा सांस्कृतिक तथा सामरिक महत्वका जग्गाहरु :बेलथोक भगेरी टोलमा रहेको भगेर थान मन्दिर वरिपरि रहेको जग्गा, देउराली टोलमा रहेको राम मन्दिर वरिपरि क्षेत्र, मनकामना टोलमा रहेको मनकामना मन्दिर वरिपरि रहेको जग्गा र बेलघारी चौतारो र शिव मन्दिर क्षेत्र वरिपरि जग्गा,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :कोट कालिका टोलमा रहेको कोट कालिका मन्दिर वरिपरि क्षेत्र,<br>६. सार्वजानिक जग्गहरु :पुरनडिही, सिरुडाँडा टोलमा रहेको जग्गा ५-भ्फ, कि.नं.१५ छिर्कने टोल अन्तर्गत क्लब भवन, वन कार्यालय, शिव मन्दिर वरिपरि रहेको गोल्ल टोलको लखन थापा परिपरि रहेको जग्गा, भानु घाँसीकुवा पार्क क्षेत्रमा रहेको जग्गा,<br>७. नदी खोला बगर सम्बन्धी जग्गाहरु :छिर्कन, गोल्ला, कमलावारी, छब्दी र सिरुडाँडा पुरनडिही वरिपरि बग्ने खोला छेउमा रहेको जग्गाहरु,<br>८. जोखिमयुक्त स्थानमा बसोवास गरेको जग्गाहरु : नभएको<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रमा जग्गाहरु : देउराली मनकामना टोलका छेउछाउका जग्गाहरु<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमाना भित्रका जग्गाहरु :देउराली, कमलावारी, गोल्ला, छिर्कने, छब्दी, सिरुडाँडा टोलको जग्गाहरु,<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरण आवस वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा :नभएको, |

| | |
|---|---|
| १३ | **क) <u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१) आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु:- कमलबारी भन्ने जग्गा बसोबास गर्न योग्य भएको (आसापानी टोल), बरनबुढी भन्ने जग्गा बसोबास गर्न योग्य भएको (कोटथोक टोल),<br>२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा :नभएको,<br>३. साविकको वन क्षेत्र जनिएपनि आवादीमा परिणत भएको जग्गा :नभएको,<br>ख) जग्गा दर्ता हुन नसक्ने<br>४. धार्मिक, सास्कृतिक, तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :नभएको,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षँणको दृष्टिवाट सुरक्षित गर्न देखिएको जग्गा :नभएको,<br>६. सार्वजनिक जग्गा :नभएको,<br>७. नदी खोला वा नहर किनारको जग्गा :मादी नदी,<br>८. जोखिम युक्त स्थानमा वसोवास गरिएको जग्गा :नभएको,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :नभएको,<br>११. सडक सिमा भित्रको जग्गा :व्यास मार्ग आसपासका क्षेत्र,<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको,<br>१४. अन्य :नभएको । |
| १४ | **क) <u>जग्गा दर्ता हुन सक्ने</u>**<br>१) आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गाहरु:- केशवटार दमै चौतारा क्षेत्र,<br>२) पर्ती नदी उकास लगायतका बसोवास वा खेती योग्य अन्य सरकारी जग्गा:- नभएको,<br>३) साविकको वन क्षेत्र जनिएको भएता पनि आवादीमा परिणत भएको जग्गा:-सबै टोलका आवादका आसपासको जग्गा,<br>**ख) <u>जग्गा दर्ता हुन नसक्ने</u>**<br>४. धार्मिक, साँस्कृतिक, तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा :छाब्दी र जलवाराही मन्दिर परिशरको क्षेत्र,<br>५. प्राकृतिक प्रकोप, विपद, व्यवस्थापन र वातावरण सरंक्षणको दृष्टिबाट सुरक्षित गर्न देखिएको जग्गा :सेती नदी वरपरको,<br>६. सार्वजनिक जग्गा :सामुदायिक वनहरुले ओगटेको जग्गा,<br>७. नदी खोला वा नहर किनारको जग्गा :छाब्दी खोला, सेती नदी र अन्य खोल्सा, खोल्सीको जग्गा,<br>८. जोखिम युक्त स्थानमा वसोवास गरिएको जग्गा :केशवटार मा.वि.देखि पूर्व पट्टिको,<br>९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा :नभएको,<br>१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा :सबै सामुदायिक बन क्षेत्रको जग्गा,<br>११. सडक सिमा भित्रको जग्गा :दमौली, केशवटार, सुकौरा, रुम्सी, हर्कपुर, नयाँगाउँ, कुर्लुङ्ग तामुङ्ग<br>१२. कसैको निजी जग्गा :नभएको,<br>१३. भू-उपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागी उपलब्ध गर्न नसकिने जग्गा :नभएको |

**<u>निर्णय नं.२५:</u>** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका पूर्व नगर प्रमुख एवं हाल यस नगरपालिकाको कार्यपालिका सदस्य श्री तमबहादुर दरैको धर्मपत्नी श्री टिकाकुमारी दरैको उपचारकै क्रममा आजै पोखरा स्थित अस्पतालमा दु:खद निधन भएकोमा स्वर्गीय टिका कुमारी दरैको दिवंगत आत्मा प्रति हार्दिक श्रद्धाञ्जली अर्पर्ण गर्दै शोक सन्तप्त सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।